# रहस्य

Rahashya Weekly साप्ताहिक







वर्ष ५०, अंक- १५, २०७८ मंसीर १६ गते बिहीवार (Dec. 02, Thu 2021) Web : rahashyakhabar.com मूल्य रु १०/-

## नियम कानूनको धज्जी उडाउँदै सरकार

२०७८ साल असार २९ गते परमादेशवाट निमार्ण भएको पाँच दलीय गठवन्धको नेतृत्वको शेरवहादुर देउवा सरकार बाटो विराई रहेको छ। पाँच दलिय गठवन्धन र देउवा सरकार मुलुकको अहिलेको सवैभन्दा ठूलो पार्टीलाई एकल्याएर अघि वढ्ने प्रयासमा लागेको छ। मुलुकमा उत्पन्न भएका समस्याहरु फ्रागिर्दै गएका छन् भने सरकारले त्यस्ता समस्याको समाधान गर्नुको सट्टा सरकार नै समस्यामाथि समस्या थप्दै गएको छ। गत शुक्रवार मात्र प्रधानमन्त्री देउवाले ऐन कानुनले वर्जित गरेको विषयलाई नजर अन्दाज गर्दै भारतीय योगगुरु रामदेवद्धारा उनकै लगानीमा नेपालमा स्थापना गरीएका दुई टेलिभिजनको उद्घाटन गरेर ऐन नियम र कानुनको धज्जी उडाएका छन्। सञ्चार माध्यममा विदेशी लगानी ल्याउन नपाईने प्रावधान रहेकोमा त्यसलाई वेवास्ता गर्दै टेलिभिजनको उद्घाटन गर्नु कार्यकारी प्रधानमन्त्रीवाटै नियम कानुनको ध्वज्जी उडाउनु नै हो। विदेशी लगानी भित्राउन सञ्चार माध्यममा वर्जित गरिएको छ। सञ्चार माध्यम भनेको रेडियो ,टेलिभिजन, छापा सञ्चार माध्यम, पत्रपत्रिका, अनलाईन र नेपाली भाषामा बन्ने चलचित्रहरुमा वैदेशिक लगानी भित्राउन नपाईने प्रावधान रहेको छ। प्रधानमन्त्री जस्तो व्यक्तिले नै ऐन नियम र कानुनको वखिलाप हुने गरी कार्य गरीरहदा सम्बन्धीत पार्टी नेपाली काग्रेस मौन रहनुको रहस्य के ? टेलिभिजन उद्घाटन कार्यक्रममा सत्ताधारी दलका शिर्ष नेता वा पार्टी अध्यक्षहरु माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेकपा एकीकृतका अध्यक्ष माधव नेपाल ,जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव सहित गृहमन्त्री बालकृष्णा खाँड लगायत अन्य मन्त्रीहरु र केही नेताहरुको उपस्थिति रहेको थियो। वैदेशिक लगानी भित्राउन नपाईने प्रावधान हुदाँ हुदै कहिकतै पनि दर्ता नै नभएको टेलिभिजन उद्घाटन गर्नु र मन्त्री सहित अन्य नेताहरु उपस्थित भएर भारतीय योगगुरु रामदेवको तारिफ गर्नुको अर्थ के ? पाँच पटक सम्म प्रधानमन्त्री भई सकेका प्रधानमन्त्री देउवालाई कानुनी जानकारी थिएन भन्ने विश्वास गर्न सकिदैन। टेलिभिजन सञ्चालन गर्न सूचना तथा प्रसारण विभागमा नियमअनुसार दर्ता हुनु पर्दछ तर रामदेवद्धारा स्थापना गरीएको टेलिभिजन विभागमा दर्ता नै गरीएको छैन भने दर्ता हुन सक्ने सम्भावना समेत देखिदैन। कानुनले वर्जित गरेको टेलिभिजन उद्घाटन कार्यमा प्रधानमन्त्री नै उपस्थिति हुनु भनेको राज्यका नियम कानुन र ऐनको खिल्ली उडाउनु नै हो। कानुनको पालना गराउने दायित्व सरकार कै हो। सरकार प्रमुख र गृहमन्त्री सहितका बाँकी अन्तिम पेजमा


देवेन्द्र चुडाल

एमालेको १० औं महाधिवेशन

# चितवनमा ऐतिहासिक जनपरिचालन

**काठमाडौं। मुलुककै सबै भन्दा ठूलो दल नेकपा एमालेको दशौं महाधिवेशन मंगलबार सम्पन्न भएको छ। शुक्रबार चितवनको नारायणी नदी किनारमा उद्घाटन गरिएको महाधिवेशन सौराहको सेभेन स्टार होटलमा सम्पन्न भएको हो। सम्पन्न महाधिवेशनले केपी शर्मा ओलीलाई पुनः अध्यक्षमा चयन समेत गरेको छ। सर्वसम्मत नेतृत्व चयन गर्ने अध्यक्ष ओलीको चाहनामा ठेस लागे पनि यो महाधिवेशन पार्टी जीवनमा कोशेढुंगा सावित हुने अपेक्षा गरिएको छ।**

रहस्य संवाददाता

नेतृत्व चयन र १७ बुंदे घोषणा पत्रका कारण मात्र होइन, उद्घाटन शत्रमा एमालेले गरेको व्यापक परिचालनले यो महाधिवेशनलाई अपूर्व र ऐतिहासिक बनाउने काम गरेको पर्यवेक्षकहरुको टिप्पणी छ। महाधिवेशन उद्घाटनस्थल नारायणी किनारमा ५ लाख कार्यकर्ता उपस्थित गराउने उद्घोष गरेको एमालेले झण्डै दोब्बर नेता कार्यकर्ता उपस्थित गराएर राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमै आफूलाई चर्चाको शिखरमा पुऱ्याउन सफल भएको उनीहरुको भनाई छ। राष्ट्रिय रुपमा घेराबन्दीमा रहेको एउटा राजनीतिक दलले जनपरिचालनमा प्राप्त गरेको यो सफलताले सबैलाई आश्चर्यचकित बनाई दिएको छ।

एमालेले कल्पना गरे पनि अरु दलहरुका लागि भनें यो सपनाजस्तै भएको छ। चितवनको सौराहामा आयोजित महाधिवेशनमा के बुढा, के बालक, के युवा सबै प्रकारका मानिसको उत्साहजनक उपस्थिति रहेको थियो। उद्घाटन सत्रमा पुगेका प्रधानमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सोझो आँखाले मानिस हेर्न नसकेर



एमालेको महाधिवेशनमा उपस्थित संख्याको उच्च प्रशंसा गरेका छन्। केही बृद्धबृद्धाहरु भने हामीलाई बृद्ध भत्ता दिने पार्टी भनेर पनि खुशीका साथ आएका थिए। स्थानीयहरुले भनें अहिलेसम्म चितवनमा यस्तो ठूलो संख्यामा मानिस भेला भएको नदेखेको बताएका छन्। एमाले महाधिवेशनबाट उत्साहित भएको छ उसले आगामी पार्टीमा मान्छे पनि कार्यक्रममा सहभागी भएको भनेर गलत प्रचार गरेका छन्। एमालेले यो उपस्थितिलाई पार्टीको महत्वपूर्ण सम्पत्तिका रुपमा व्याख्या गरेको छ।

एमाले अध्यक्ष ओलीले नेकपा ( माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को निर्वाचन क्षेत्रमा पार्टीको महाधिवेशन राखेर प्रचण्डलाई दाहालले भने एमालेले आफूले गरेको विकास हेरेर जाने प्रतिक्रिया दिएकी थिइन्। एमालेले नयाँ नेतृत्व पाएको छ। ओली फेरि पनि अध्यक्षमा भारीमतका साथ निर्वाचित भएकाले पनि एमालेमा अर्को उत्साह थपेको छ। ओलीले पार्टीलाई थप सशक्त र जीवन्त बनाएर लाने प्रतिबद्धता जनाएका छन्। बाँकी अन्तिम पेजमा

## आफ्नै कारण काँग्रेसमा कमजोर बन्दै पौडेल पक्ष

रहस्य संवाददाता

काठमाडौं। संस्थापनइतरका नेताहरु कमजोर भएपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा बलियो बन्दै गएका छन्। देउवाले निर्वाचनमा कसरी जाने भन्ने तयारी गरिसकेका भए पनि अर्को पक्षले अहिलेसम्म कुनै तयारी गरेको छैन।

संस्थापनइतरमा सभापतिको उम्मेदवार को बन्ने भन्ने टुंगो नभएकाले त्यो पक्ष कसरी अघि बढ्छ भन्ने अन्यौलमा रहेको छ। समूह



व्यवस्थापन गर्न नसकेपछि उनीहरुसँग आस्थावान पनि अलमलिएका छन्। देउवाले सभापति फेरि पनि जित्ने योजना बनाएका छन्। यो समूहबाट महामन्त्री सशांक कोइराला, केन्द्रीय सदस्य शेखर कोइराला, पूर्व महामन्त्री प्रकाशमान सिंहलगायतले सभापतिमा दाबी गरेका छन्। उनीहरु जो भए पनि एकजना साझा उम्मेदवार बन्ने र देउवालाई हराएरै छोड्ने गृहकार्यमा लागेका भए पनि त्यो सफल हुन बाँकी अन्तिम पेजमा

## एक करोड बढीले लाए कोरोनाको खोप

काठमाण्डौ। नेपालमा कोरोना भाइरसविरुद्धको खोपको कम्तीमा पहिलो मात्रा लगाउनेको संख्कया एक करोड नाघेको छ।

पछिल्लो २४ घण्टामा दुई लाख २७ हजार पाँच सय ८४ जनाले खोप लगाएसँगै कोरोनाविरुद्धको खोप लगाउनेको संख्या एक करोड नाघेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। अहिलेसम्म नेपालमा ८५ लाख १४ हजार ६ सय ८४ जनाले पूर्ण मात्रा खोप लगाएका छन्। यस्तै एक करोड ३० हजार चार सय आठ जनाले बाँकी अन्तिम पेजमा

## सोलु कांग्रेसमा शेर्पाले मारे बाजी

रहस्य संवाददाता

सोलुखुम्बु। नेपाली कांग्रेस सोलुखुम्बु को सभापतिमा नाम्गेल जाङबु शेर्पा बिजयी भएका छन्।

सभापतिका अर्का प्रत्यासी निबर्तमान सभापति बिनोद बस्नेतलाई भारी मत अन्तरले पराजित गर्दै शेर्पा सोलु कांग्रेसको सभापतिमा निर्बाचित भएका हुन।गत मंसिर २ गते भएको निर्बाचनमा कसैले ५१ प्रतिशत मत ल्याउन नसकेपछि हिजो भएको पुनः मतदानमा शेर्पाले ५१३ मत प्राप्त गरेका थिए।शेर्पाले ल्याएको यो मत बस्नेतको भन्दा १४२ ले बढी हो। खसेको



८९७ मत मध्ये सभापतिका अर्का प्रत्यासी बस्नेतले ३७१ मतमात्र प्राप्त बाँकी अन्तिम पेजमा




## राप्रपा नेतृत्व चयनमा जबरा निर्णायक

रहस्य संवाददाता

काठमाडौं। राष्ट्रिय प्रजतन्त्र पार्टी (राप्रपा)को एकता महाधिवेशन बुधबारबाट सुरु भएको छ। काठमाडौंको भृकुटीमण्डपमा शुरु महाधिवेशनले आगामी कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्ने राप्रपाले जनाएको छ। राप्रपाको महाधिवेशनको सफलताको कामना गर्दै उद्घाटन शत्रमा प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा मालेका महासचिव सिपी मैनाली लगायतले नेताले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

राप्रपा एकीकरण हुँदा ३ अध्यक्षको



व्यवस्था रहेको थियो भने अबको एकता महाधिवेशनबाट एक अध्यक्ष चुनिनेछन्। अझ भनौं यो एकता महाधिवेशनबाट राप्रपाले नयाँ र एक प्रमुख नेतृत्व चुन्नेछ। मंसिर १५ अर्थात आजबाट १७ गतेसम्म हुने महाधिवेशनमा दुई नेताले अध्यक्षमा दावी गरेका छन्।

तीन अध्यक्षमध्येका एक अध्यक्ष कमल थापालाई चुनौती दिँदै पूर्वमहामन्त्री राजेन्द्र लिङ्देनले पनि आफू अध्यक्षको लागि फिट भएको दावी गर्दै उम्मेदवारको घोषणा गरेका छन्। उता अन्य दुई अध्यक्ष मध्ये डा. प्रकाशचन्द्र लोहनीले लिङ्देनको खुलैरै समर्थन गरेका छन् भने अर्का अध्यक्ष पशुपति शमशेर जबरा यो समाचार तयार पार्दा सम्म कतै पनि खुलेका छैनन्। सर्वसम्मत नेतृत्व चयनका लागि आफूले पहल गर्ने धारणा राख्दै आएपनि अन्ततः राणा लिङ्देनकै बाँकी अन्तिम पेजमा



*निजा निसाप विगान्यो भन्याको घुस् दिन्या र घुस खान्या हुन् । ईन दुईको ता धन जिव गरि लियाको पनि पाप छैन ।*
*– राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाह*

**प्रकाशक/सम्पादकः मुक्ति बास्तोला**
संस्थापकः स्व.मुरारीप्रसाद गौतम
प्रवन्ध सम्पादकः उर्मिला शाही (गौतम)
सल्लाहकार : मदन नेपाल
कानूनी सल्लाहकार : अधिवक्ता बासुदेव शर्मा
कार्यालय : नयाँवस्ती २४५, बालुवाटार काठमाडौं ,मो.९८४९५०२४०६
फोनः ४४४२०३९, फ्याक्स : ४४२७३०६ पो.ब.नं. ३२३३,
Email : rahashya8@gmail.com
मुद्रक : धिम्ले अफसेट प्रेस, देविनगर,मध्यबानेश्वर काठमाडौं

## सम्पादकीय

### मन्त्री श्रेष्ठको सकारात्मक सक्रियता

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई सम्झौताअनुसार सेवासुविधा नदिने कम्पनीलाई कालो सूचीमा राखिने बताएका छन् । मन्त्री श्रेष्ठ पहिलोपटक मन्त्री भएका हुन् । उनले मन्त्री भएपछि कसैको दवाव र प्रभावमा नपरी जनताको पक्षमा काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

उनी कहिलेकाहीँ विभिन्न सरकारी कार्यालय पुगेर छड्के हानेका छन् । उनले कुनै पनि सेवाग्राहीलाई दुःख नपरोस् भन्ने आफ्नो लक्ष्य रहेको बताउँदै आएका छन् । उनले विदेशी रोजगारमा जाने नागरिकले अत्यन्तै दुःख पाएको र अनेक प्रलोभनमा दलालले फसाउन खोजेको भन्दै त्यसतर्फ सजग रहेको बताउँदै आएका छन् । मन्त्री श्रेष्ठ प्रष्ट विचार र सिद्धान्त भएकाले पनि उनी जे बोल्छन् त्यो गर्छन् भन्नेमा कुनै शंका छैन । उनी माधवकुमार नेपाल नेतृत्वको पार्टी नेकपा (एकीकृत समाजवादी) को तर्फबाट मन्त्री भएका हुन् । मन्त्रीले कुनै गुनासो भए सिधै मन्त्रालय आएर आफूसँग गुनासो राख्नसमेत आग्रह गरेका छन् । मन्त्रीको सचिवालयका अनुसार वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिसँग वैदेशिक रोजगारी र पुनःएकीकरणबारे मन्त्रालयमा हालै भएको छलफलमा मन्त्री श्रेष्ठले सम्झौताअनुसार सेवासुविधा नदिने कम्पनीलाई कालोसूचीमा राखिने र आगामी दिनमा त्यस्ता कम्पनीमा कामदार नपठाइने बताएपछि मन्त्रीप्रतिको आकर्षण बढेको हो ।

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूले कोरोना महामारीका कारण रोजगारी गुमाएर फर्कँदा बाँकी पारिश्रमिकसमेत नपाएको गुनासो गर्दै पीडित श्रमिकहरूले सम्झौताअनुसार काम र पारिश्रमिक नपाएको, बिरामी हुँदा उपचार नपाएको तथा नेपाल फर्कनु पर्दा चन्दा संकलनसमेत गर्नुपर्ने गुनासो पोखेका थिए । मन्त्रीले यो समस्याले आफुलाई चिन्तित बनाएको र पीडितलाई राहत हुने गरी काम गर्ने विश्वास दिलाएका थिए । मन्त्री श्रेष्ठ पटक पटक गाउँ गएर जनताको भावना पनि समेट्दै आएका छन् । मन्त्रालयमा रहँदा आफ्नो कार्यकाल उदाहरणीय बनाउने भनेर लागेका उनले कसैको दवावमा नीतिविपरीत काम नगर्ने जनाइसकेका छन् । मन्त्री श्रेष्ठसमक्ष हातमा सीप नहुँदा विदेशी भूमिमा दुःख पाएको र अन्य देशका श्रमिक सरह सुविधा नपाउने गरेको विषयमा ध्यानाकर्षण गराएको मन्त्रीको सचिवालयले जनाएको छ । छलफलका क्रममा ती पीडित नागरिकहरुले गैरकानुनी बाटोबाट गएका घरेलु कामदारहरूले न्यून तलबमा काम गर्नुपरेको तथा हिंसाको सिकार भएको गुनासोसमेत गरेका थिए । छलफलमा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका साथै आप्रवासी कामदारको पक्षमा काम गरिरहेका संस्थाका प्रतिनिधिको समेत सहभागिता थियो । मन्त्रीले वैदेशिक रोजगारको क्रममा अनेक पीडा भएकाले त्यसलाई क्रमशः समाधान गर्दै जाने स्पष्ट पारेका छन् । मन्त्री भएपछि धेरै नेताहरु बद्नाम भइरहेको अवस्थामा मन्त्री श्रेष्ठले चालेको साहसिक कदमको उच्च प्रशंसा गर्नुपर्दछ ।

# संविधानको कार्यान्वयन नै अनेमसंघको सफलता

**दृष्टिकोण**

**थममाया थापा**

**पहिला देखी नै सर्वोच्च अदालतका न्यायाधिशहरु र नेपाल बार र सर्वोच्च वारले न्यायाधिश हरिकृष्ण कार्कीको नेतृत्वमा बनेको कमिटीले तयार पारेको प्रतिवेदन अनुसार गोलाप्रथाद्धारा पेशी तोक्न माग गरेका थिए । तर त्यो मागलाई प्रधानन्यायाधिश राणाले अस्वीकार गर्दै आएकोमा अब राणा त्यो माग स्वीकार गर्न तयार रहेको सन्देश दिएपछि पाँच न्यायाधिशहरुले त्यसलाई स्वीकार गरेको जस्तो देखिएको छ । झण्डै तिन हप्ता सम्म आन्दोलन धर्ना र विरोध गर्दा पनि प्रधानन्यायाधिश राणाले राजनितिक दलहरु र पाँच दलिय गठवन्धनकै शिर्ष नेताहरुको आडमा राजीनामा नदिने वताउदै आएको आरोप नेपाल बारका पदाधिकारीहरुले लगाउदै आएका छन् ।**

महिला आन्दोलनको इतिहास महिला अधिकारको पक्षमा अनेमसंघले आफ्नो स्थापना कालदेखि नै संघर्ष गर्दै आएको छ । २००८ सालमा स्थापना भएको अखिल नेपाल महिला संघले उठाउँदै आएका मुद्दाहरुलाई अझ संगठित रुपमा सूचीकृत गरेर अनेमसंघले महिला आन्दोलन अगुवाई गर्दै आएको छ । वि.सं. २०५५ सालमा विराटनगरमा अखिल नेपाल महिला संघको ऐतिहासिक चौथो राष्ट्रिय सम्मेलन भएको थियो । त्यही सम्मेलनले महिला हिंसाविरुद्ध र महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक अधिकारको सवाललाई सुत्रबद्ध गरी १४ बुँदे कार्यक्रम पारित गरेर आन्दोलनकै रुपमा अभियान रुपमा सञ्चालन गर्यौं । सो अभियान अन्तर्गत सम्पूर्ण क्षेत्रमा एक तिहाइ महिला सहभागिताको कुरा, समाजमा भएका कुरीति, कुसंस्कार अन्त्य गर्ने कुरा, समाजमा लामो समयदेखि रहेको पितृसत्तात्मक र सामन्ती सोच र चिन्तनको रापतापमा बनेका विभिन्न कानुन नियमलाई परिवर्तन गर्नेदेखि संविधानमा महिलाको मुद्दा सूचिकृत गर्न संघर्ष गर्दै आयो ।

२०५५ सालमा संगठनको सम्मेलनले १४ बुँदे कार्यक्रम अघि बढाइसकेपछि २०५६/५७ सालमा मुलुकी ऐन ११औं संसोधन भएको थियो । संसोधनका लागि अनेम संघका तत्कालीन अध्यक्ष, वर्तमान सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको अगुवाईमा संसदमा मुलुकी ऐन ११ औं संसोधन विभिन्न महलमा भएका महिलाको लागि विभेदकारी व्यवस्था हटाउने र भएका कानुनी व्यवस्थाहरु संसोधन गरी समान कानुन बनाउनका पहल गर्ने काम भएको थियो । त्यसमा खासगरी पैतृक सम्पत्तिमा छोराछोरीको बराबरी हक कायम गर्ने, श्रीमान श्रीमतीको बीचमा भएका विभिन्न खालको विभेदकारी कानुनी व्यवस्था संशोधन गर्ने लगायत समान अधिकारको पक्षमा झण्डै २०/२२ वटा विभदेकारी व्यवस्थाहरुलाई परिवर्तन गर्यौं । त्यो परिवर्तनलाई अभियानको माध्यमबाट समुदायसम्म पुर्याउन र संवैधानिक व्यवस्थाका लागि गर्न निरन्तर रुपमा सशक्त अभियान सञ्चालन गर्यौं ।

२०६२/६३ को जनआन्दोलनसम्म आइपुग्दा राजा ज्ञानेन्द्रले संसद विघटन गरी शासनसत्ता हातमा लिएपछि निरकुशताका विरुद्धमा आन्दोलन गर्न सबै पार्टीका महिला संगठनहरुको 'संयुक्त महिला संघ संघर्ष समिति' बनायौं । सो संघर्ष समिति अनेमसंघको पहल र अगुवाईमा गठन भएको थियो । त्यही संघर्ष समितिकै अगुवाईमा जनआन्दोलनमा महिलाहरुको बढीभन्दा बढी सहभागी गराउन आह्वान भएको थियो भने महिलाहरुको व्यापक उपस्थितिमा १९ दिने जनआन्दोलन सफल भएको थियो ।

जनआन्दोलनको सफलतापछि २०६३ जेठ ४ गते पुनःस्थापित संसदको पहिलो बैठक बस्यो । त्यो बैठकले राजाको अधिकार कटौती गर्ने, गणतन्त्र घोषणा गर्ने जस्तो ऐतिहासिक र महत्वपूर्ण मुद्दाहरु सम्बोधन गर्यो । तर महिला अधिकारको बारेमा विशेष प्रस्तावमा कुनै बिषय नआएपछि त्यही 'संयुक्त महिला संघ संघर्ष समितिको अगुवाईमा फेरि संघर्ष गर्नुपर्यो ।

२०६३ जेठ १२ गते तत्कालीन अनेम संघको अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य विद्यादेवी भण्डारीको प्रस्ताव र प्रतिनिधिसभा सदस्यहरु कमला पन्त, एनपी साउद र नवराज सुवेदीको समर्थनमा महिला सम्बन्धि विशेष प्रस्तावको रुपमा सार्वजनिक प्रस्ताव संसदमा दर्ता गरियो । ती प्रस्तावमा चार वटा विषय समावेश गरिएको थियो । जसमा राज्यको हरेक निकायमा महिलाहरुको एक तिहाइ सहभागिता, आमाको नामबाट पनि सन्तानले नागरिकता पाउनुपर्ने, विभेदपूर्ण कानुनहरु खारेज गर्नुपर्ने र महिला हिंसाको अन्त्य गर्नुपर्ने प्रस्ताव संसदबाट पास गराउन सबै पार्टीहरुबाट सहमत जुटाउन र संसदबाट पास गराउन निकै कसरत र मेहनत गर्नुपरेको थियो ।

पुनःस्थापित संसदले पास गरेका ती प्रस्तावलाई संवैधानिक हैसियत दिई अन्तरिम संविधानमा राख्न 'अन्तरिम संविधान मस्यौदा समिति'सँग व्यापक छलफल र अन्तरक्रिया भयो । त्यसपछि २०६३ माघ १ गते अन्तरिम संविधान जारी भएको थियो । त्यसपछि २०६४ सालमा पहिलो र २०७० सालमा दोस्रो संविधानसभा गठन भयो । अन्तरिम संविधानमा महिला अधिकार सम्बधित भएका प्रवधानहरुलाई नयाँ संविधानमा समावेश गराउन संविधानसभा अन्तर्गत गठन भएका विभिन्न १४ वटा विषयगत समितिहरुसँग अन्तरक्रिया, छलफल, भेटघाट र ध्यानाकर्षण गराउने जस्ता कामहरु निरन्तर नै गर्यौं । त्यसलाई संविधानमा समावेश गर्न सफल पनि भएका छौं । त्यसैले यतिबेला अनेमसंघको मूल जिम्मेवारी भनेको संविधानलाई प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने नै प्रमुख दायित्व रहेको छ ।

पार्टी विधानको कार्यान्वयन

हाम्रो पार्टी नेकपा एमालेले असोज १५ देखि १७ गतेसम्म ऐतिहासिक विधान महाधिवेशन गर्यो । त्यो विधान महाधिवेशनले पारित गरेको विधानमा पार्टीको हरेक कमिटीमा ३३ प्रतिशत महिला सहभागिता हुने भन्ने व्यवस्था भएको छ । यो अत्यन्तै सकारात्मक र महिला आन्दोलनले सुरुदेखि उठाउँदै आएको विषय पनि हो । त्यसमा पनि कम्युनिष्ट पार्टी भन्ने बित्तिकै समानता र सामाजिक न्यायको लागि लड्ने पार्टी हो र कम्युनिष्ट पार्टीको भावना, वैचारिक र राजनीतिक उद्देश्य र लक्ष्य अनुसार पनि यो निर्णय गर्न आवश्यकै थियो । त्यसैले पार्टीको आगामी मंसिर १० गतदेखि हुने महाधिवेशनबाट पार्टी नेतृत्वमा एकतिहाइ महिला सुनिश्चित हुनेछन् । त्यसका साथै, अखिल नेपाल महिला संघले पार्टी विधानमा व्यवस्था भएको एक तिहाइको प्रावधानलाई टेकेर ५० प्रतिशत महिला सहभागिताका लागि आगामी दिनमा निरन्तर रुपमा लाग्नु आवश्यकता छ । अर्को महत्वपूर्ण कुरा के हो भने अनेमसंघको मान्यता पार्टीका हरेक कमिटीको पदाधिकारीमा पनि एकतिहाइ महिलाहरुको सहभागिता हुनुपर्छ भन्ने हाम्रो माग हो । यसबारे पार्टीले पक्कै पनि सकारात्मक ढंगले सम्बोधन गर्छ भन्ने लाग्छ ।

अर्को मूल कुरा महिलाहरुको राजनीतिक प्रतिनिधित्वसँगै सामाजिक र आर्थिक अधिकार सुनिश्चित गर्नुपर्छ । अहिलेसम्म हामीले भन्दै आएको राजनीतिक अधिकार सुनिश्चित हुँदै गए पनि अझै सांस्कृतिक र सामाजिक हिसाबले रुपान्तरणको अभिभारा अझै पनि हामीले पुरा गर्नुपर्नेछ । राजनीतिक अधिकार त हामीले धेरै हदसम्म प्राप्त गरेका छौं । तर सामाजिक अधिकार, सामाजिक सांस्कृतिक रुपान्तरण जस्ता बिषयहरु अझै बाँकी छन् ।

मान्छेको विचार, सोच चिन्तनहरु अझै पनि परिवर्तन गर्नुछ । त्यसका निम्ति लगातार हामीले संघर्ष र आन्दोलन सञ्चालन गर्नुपर्नेछ । संघर्ष र आन्दोलन भन्दाखेरि मुर्दावाद र जिन्दावादको आन्दोलनको कुरा भन्दा पनि समाजमै गएर त्यस्ता खालका कुरीति, कुसंस्कारलाई कसरी परिवर्तन गर्ने, कुरीतिहरुलाई कसरी जरैदेखि अन्त्य गर्ने भन्ने बारेमा एकदमै मसिनो ढंगले सामाजिक रुपान्तरणको अभियानहरु सञ्चालन गर्नु आवश्यक छ । सामाजिक रुपान्तरण गर्ने भनेको कुनै एकजना व्यक्तिलाई रुपान्तरण गर्ने होइन कि सिंगो समाज परिवर्तन, समाजका हरेक व्यक्ति र परिवारको सोच र अभ्यास बदल्नुपर्छ, जुन काम गर्न अझै समय लाग्छ ।


मान्छेको चेतना हिजोदेखि भइरहेको जुन खालको सोच छ, त्यो परिवर्तनका लागि निकै मेहनत गर्नुपर्छ । त्यसका लागि अखिल नेपाल महिला संघले लगातार अभियानहरु अगाडि बढाइरहेको छ । ती अभियानहरु सफल बनाउन सबैभन्दा पहिले हाम्रो संगठनका संरचनाहरु बलियो हुनुपर्यो । संगठनका संरचना आधारभूत तह र टोलटोलसम्म पुग्नुपर्छ, ती टोलटोलमा पुगेको संगठनले घरभित्रैसम्म परिवर्तन र सामाजिक न्याय, मानवअधिकारको कुरा पुर्याउन सक्नुपर्छ । सचेतनाका कार्यक्रम गर्ने भनेको फेरि महिलाहरुसँग मात्रै होइन पुरुषहरुसँग पनि पुग्नुपर्छ । उहाँहरुलाई पनि हामीले सँगसँगै बुझाउनुपर्छ ।

जबसम्म समाजमा महिला, पुरुष रथका दुई पाङ्ग्रा हुन्न एउटा मात्रको अभावले सिंगो समाज पछाडि पर्छ भन्ने कुरा सबैले बुझ्नु आवश्यक छ । त्यतिबेला मात्रै समाज परिवर्तन हुन्छ । किनभने लामो समयदेखि समाजमा सामन्ती तथा पितृसत्तात्मक सोच र चिन्तन रहँदै आएको समाजमा महिलाहरुलाई मान्छे नै नसम्झिने, उनीहरुमाथि हिंसा, विभेद, अत्याचार गर्ने खालको संस्कारका रुपहरु अझै यथावत छन् । यसको रुपान्तरणका लागि हाम्रो संगठनले संरचनागत रुपमै व्यापक परिचालन गर्ने योजना बनाउनुपर्छ ।

अनेमसंघको भूमिका अहिले अनेमसंघले गर्ने मूल कुरा संविधानमा भएका विषयहरु कार्यान्वयन गर्नु र गराउनु नै हो । संविधानमा के के अधिकारहरु छन् बुझाउनुपर्यो । संविधानको मौलिक हकमा महिलाका के-के अधिकार सुनिश्चित भएका छन् र त्यो कार्यान्वयन भएको छ कि छैन भनेर कार्यान्वयन गर्ने कुरामा सरकारलाई दबाब दिने, आवश्यक परेको ठाउँमा पार्टीलाई दबाब दिने, संविधान कार्यान्वयनका लागि आवश्यक नीति कानुनहरु बनाउनुपर्यो । त्यसका साथै संवैधानिक र कानुनी हिसाबले हामी जति बलियो छौं, ती कुरा सबै महिलाहरुलाई बुझाएपछि मात्र हामी बलियो छौं ।

अन्त्यमा, संविधान र कानुनमा भएको अधिकारका पक्षमा प्रभावकारी कार्यन्वयनका लागि महिलाहरुलाई तयार गराउन अभियान नै सञ्चालन गर्नुपर्छ । हामीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भनेर घोषणा गरेका छौं । हाम्रो संविधान विश्वकै उत्कृष्ट मध्येको एक संविधान हो । त्यति हुँदाहुँदै पनि ती संवैधानिक व्यवस्थाहरु कार्यान्वयनका लागि खबरदारी गर्नैपर्छ । समाजमा भएका विकृति, विसंगति, कुरीति कुसस्कारलाई हटाउँदै महिला र पुरुष समान हो भन्ने सोच सबैमा ल्याउनुपर्छ । समाजलाई सभ्य र न्यायमूलक समाज बनाउनुपर्छ । यी नै अखिल नेपाल महिला संघको मूल लक्ष्य हो ।

*थममाया थापा (संयोजक अखिल नेपाल महिला संघ)*



# यस्तो छ एमाले महाधिवेशनले पारित गरेका १७ बुँदे प्रस्ताव

*काठमाडौं। नेकपा एमालेले १० औं महाधिवेशनको समापन सत्रमा १७ वटा प्रस्ताव पारित गरेको छ। मंसिर १० गते सुरु भएको एमाले १० औं महाधिवेशन मंसिर १४ गते सम्पन्न गर्ने क्रममा उक्त प्रस्ताव पारित गरेको हो। चितवनको नारायण नदी किनारमा १० गते उद्घाटन भएर ११ गतेबाट सौराहामा बन्दसत्र चलेको थियो। उक्त बन्दसत्रले नयाँ नेतृत्व चयन गरेको छ।*

**१७ बुँदे प्रस्ताव**

नेकपा (एमाले) दसौं राष्ट्रिय महाधिवेशन यही मङ्सिर १० गते शुरु भएर आज १४ गते सम्पन्न हुँदै छ। मङ्सिर १० गते चितवन, नारायणगढ स्थित नारायणी किनारामा उद्घाटन भएको महाधिवेशनको बन्द सत्र ११- १४ सम्म प्रसिद्ध पर्यटकीय स्थल सौराहामा आयोजना गरिएको थियो। दसौं राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोह नेपालमा हालसम्मकै सर्वाधिक जनसहभागिता सहित भव्य, ऐतिहासिक र अत्यन्त उत्साहपूर्ण वातावरणमा सम्पन्न भयो। उद्घाटन समारोहमा भएको अभूतपूर्व जनसहभागिताबाट पार्टीको आत्मविश्वास उच्च भएको छ। उद्घाटन सत्रमा भएको भव्य उपस्थितिले नेकपा (एमाले) नै देशको प्रमुख शक्ति हो भन्ने पुष्टि भएको छ। यसका लागि हाम्रो पार्टी गौरवान्वित छ। त्यसै गरी तीन दिनसम्म सञ्चालित बन्द सत्र अत्यन्त सौहार्द रह्यो। महाधिवेशनले देहायका प्रस्तावहरु पारित गरेको छ -

१. यो महाधिवेशन राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, सामाजिक-आर्थिक रुपान्तरण तथा समाजवादका लागि सङ्घर्ष गर्दा आफ्नो अमूल्य जीवन अर्पण गर्नु हुने सम्पूर्ण शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँहरुका आदर्शबाट निरन्तर प्रेरणा प्राप्त गरिरहने सङ्कल्प गर्दछ।

२. यो महाधिवेशन पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता तथा जनताको बहुदलीय जनवादका प्रणेता मदन भण्डारी तथा प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीप्रति उच्च सम्मानका साथ श्रद्धासुमन अर्पण गर्दछ। पार्टीका पूर्वमहासचिव तुलसीलाल र अग्रणी महिला नेतृ सहाना प्रधान लगायत आन्दोलनका अग्रजहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछ।

३. यो महाधिवेशन नवौं महाधिवेशन यता दिवंगत हुनुभएका केन्द्रीय सदस्य कमरेडहरु रामनाथ ढकाल, महिम सुब्बा लिम्बु, रवीन्द्र अधिकारी, दिनेशचन्द्र यादव, पशुपति चौलागाईं र योगनारायण यादव तथा पार्टीका स्थायी कमिटी सदस्य एवं पूर्वउपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारी, केन्द्रीय निकायका सदस्यहरु- वीरबहादुर ठगुन्ना, जागृत भेटवाल, माणिकलाल गौतम, पूर्वसांसदहरु वीरबहादुर सिंह, कमला सुवेदी, रत्नप्रसाद शर्मा, वीरबहादुर लामा लगायत कमरेडहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ।

४. यो महाधिवेशन लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानप्रति ऐक्यबद्धता जाहेर गर्दछ र महिला विरुद्ध हुने सबै खाले हिंसाका विरुद्ध अग्रपङ्क्तिमा उभिएर सङ्घर्ष गर्ने दृढता व्यक्त गर्दछ। पार्टी पङ्क्तिलाई महिला हिंसा विरुद्ध सचेत, जागरुक र प्रतिरोधी बनाउँदै नेपाली समाजलाई महिला हिंसाबाट मुक्त बनाउने सङ्कल्प गर्दछ।

५. वर्तमान सरकार राष्ट्रिय हित, जनसरोकार र लोकतान्त्रिक मूल्यमान्यताप्रति दिनानुदिन गैरजिम्मेवार बन्दै गएको छ। राष्ट्रिय स्वाभिमानमाथि आँच पुग्दा समेत कुनै प्रतिवाद नगर्ने, लोकतान्त्रिक मूल्यमान्यताको उपहास गर्ने र जनताको जीवनलाई झनै कष्टकर बनाउन उद्यत् देखिएको छ। राज्यका तीनवटै अङ्ग विवादित र अकर्मण्य अवस्थामा छन् र जनविश्वास गुमाउँदै गएका छन्। महङ्गी आकासिएको छ। सर्वत्र बेथिति बढेको छ। गठबन्धनमा आबद्ध नेताहरुको स्वार्थपूर्तिका लागि प्रदेशहरुमा मन्त्रालयलाई जथाभावी विभाजन गर्दै स‍ङ्ख्या बढाउने र सरकारी सम्पत्तिको दुरुपयोग गर्ने क्रम बढेको छ। एमाले नेतृत्वका सरकारहरुले अगाडि बढाएका कैयौं राष्ट्रिय र प्रादेशिक विकास आयोजनाहरुलाई राजनीतिक पूर्वाग्रहका कारण रद्द गरिएको छ। यसले विकास र समृद्धिको यात्रा मात्रै अवरुद्ध भएको छैन, जनतामा निराशा समेत बढ्दै गएको छ। यो महाधिवेशन राष्ट्रिय हित र स्वाभिमानमाथि आँच पुग्ने कुनै पनि काम नगर्न, लोकतान्त्रिक मूल्य मान्यताहरुको अपमान नगर्न, विकास आयोजनाहरुको बजेट कटौती नगर्न, मूल्यवृद्धि नियन्त्रण गर्न र जनताको जीवनमाथि थप कष्ट पुऱ्याउने काम नगर्न सरकारको गंभीर ध्यानाकर्षण गर्दछ।

६. गतः असोजको अन्तिमबाट परेको बेमौसमी बर्खा र त्यसका कारण आएको बाढीपहिरोले जनधनको ठूलो क्षति भएको छ। सयभन्दा बढी नागरिकहरुको ज्यान गएको छ, हजारौं परिवार घरबारविहीन भएका छन् भने सडक लगायत पूर्वाधारमा ठूलो क्षति भएको छ। अरबौं मूल्यबराबरको पाकेको धानबाली सखाप हुँदा हजारौं किसान परिवार मर्माहत भएका छन्। यो महाधिवेशन किसानहरुको उक्त पीडाप्रति सहानुभूति व्यक्त गर्दै सरकारसँग उचित क्षतिपूर्ति, राहत र पुनर्स्थापनाका लागि जोडदार माग गर्दछ।

७. शान्ति प्रक्रियाका बाँकी कामहरुलाई टुङ्ग्याएर पीडितलाई न्याय र पीडकलाई सजाय दिने दायित्वबाट सरकार पन्छिँदै गएको छ। यसले पीडितहरुमा पीडा थपिँदै जाने, न्याय पाउने आशा समाप्त हुँदै जाने र अन्तर्राष्ट्रिय जगतमा नेपालको छविमाथि प्रतिकूल प्रभाव पर्ने संभावना बढ्दै गएको छ। यो महाधिवेशन सरकार र सत्ता गठबन्धनलाई सङ्क्रमणकालीन न्यायका काममा आलटाल नगर्न र द्वन्द्वका पीडितहरुलाई अविलम्ब परिपूर्णको प्रबन्ध गर्न माग गर्दछ।



८. राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राख्दै स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्नु तथा सन्तुलित वाह्य सम्बन्ध सञ्चालन गर्नु संविधानको मर्म र दिशा निर्देश समेत हो। तर वर्तमान सरकार स्वतन्त्र परराष्ट्र नीतिको अवलम्बन र सन्तुलित वाह्य सम्बन्धका आधारभूत मान्यताको परिपालनामा चुकिरहेको छ। परराष्ट्र नीतिसँग जोडिएका संवेदनशील प्रश्नहरुमा सत्तारुढ गठबन्धनका नेताहरुका परस्पर विरोधी अभिव्यक्ति, छिमेकी लगायत नेपालका महत्वपूर्ण विकास साझेदार मुलुकमा लामो समयसम्म कुटनीतिक नेतृत्वको रिक्तता जस्ता विषय यसका दृष्टान्त हुन्। यो महाधिवेशन परराष्ट्र नीति र छिमेक लगायत वाह्य सम्बन्धमा देखा परेका सरकारका असङ्गत र अपरिपक्व व्यवहारको विरोध गर्दछ।

९. २०७८ असार २८ को परमादेश सत्ता गठबन्धनका नेताहरुको स्वार्थपूर्तिका लागि न्यायालय र राजनीतिक पक्षबीच भएको 'सेटिङ' को परिणाम र राजनीतिक उद्देश्यले निर्देशित फैसला हो भन्ने कुरा सर्वोच्च अदालतभित्र देखा परेका पछिल्ला घटनाक्रमबाट पुष्टि भएको छ। त्यही फैसलाकै सहउत्पादनका रुपमा समस्या झाँगिदै गएर आज हजारौं नागरिकहरु न्याय पाउनबाट मात्र बञ्चित भइरहेका छैनन्, बन्दी प्रत्यक्षीकरण जस्तो सङ्कटकालमा पनि रोक्न नपाइने मौलिक अधिकारको समेत हनन भएको छ। सर्वोच्च अदालत परिसरभित्र हाल देखा परेका बेथिति, अराजकता र जनताको न्याय पाउने हकको हननप्रति महाधिवेशन खेद व्यक्त गर्दछ। निश्चित समूहको स्वार्थपूर्तिका लागि न्यायालयलाई बन्धक नबनाउन खबरदारी गर्दै यो महाधिवेशन न्याय पाउने नागरिकहरुको हकको प्रत्याभूति गर्न एवं न्यायालयलाई भ्रष्टाचार मुक्त, स्वच्छ र सक्षम बनाउन सम्बद्ध सबै पक्षसँग आह्वान गर्दछ।

१०. हालै सम्पन्न संयुक्त राष्ट्र सङ्घको ७६ औं महासभाबाट नेपाललाई अल्पविकसित अवस्थाबाट विकासशील देशमा स्तरोन्नत गर्ने प्रस्ताव पारित भएको छ। नेकपा (एमाले) नेतृत्वको सरकारले अगाडि बढाएको प्रक्रिया अनुरुप संयुक्त राष्ट्र सङ्घबाट पारित उक्त प्रस्ताव नेपालको सामाजिक-आर्थिक रुपान्तरणको दिशामा महत्वपूर्ण छ र यसले नेपालको आत्मविश्वास बढाउन सहयोग पुऱ्याउने छ। यो महाधिवेशन नेपाललाई विकासशील देशमा स्तरोन्नतिका लागि आवश्यक पूर्वाधार तयार गर्ने नेकपा (एमाले) नेतृत्वको पूर्ववर्ती सरकारको प्रशंसा गर्दै संयुक्त राष्ट्र सङ्घलाई धन्यवाद ज्ञापन गर्दछ। स्तरोन्नत हुने क्रममा रहेका मुलुकहरुले पाउने सहुलियत र सुविधालाई सुनिश्चित गर्न ध्यानाकर्षण गर्दछ।

११. यो महाधिवेशन गतः कार्तिक ६ गते सम्पन्न वडा/शाखा अधिवेशन तथा ९ गते सम्पन्न पालिका/इलाका अधिवेशनमा कमरेडहरुले देखाउनु भएको उच्चस्तरको एकता, हार्दिकता र समझदारीको उच्च मूल्याङ्कन गर्दै नेतृत्वमा निर्वाचित सबै कमरेडहरुलाई बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछ। हाम्रो पार्टीका आधारभूत संरचनामा रहेका उक्त कमिटीहरुको कामलाई थप सुदृढ, व्यवस्थित बनाउँदै सबै खाले चुनौतीको सामना गर्ने गरी पार्टी कामलाई प्रभावकारी बनाउन यो महाधिवेशन आह्वान गर्दछ।

१२. यो महाधिवेशन संविधानको मर्म र कानुनको व्यवस्था अनुसार आफ्ना प्रत्येक निर्वाचित कमिटीहरुमा न्यूनतम एक तिहाइ महिला सहभागिता सुनिश्चित गर्ने नेपालको पहिलो पार्टी हुन सकेकोमा गर्व गर्दछ। दसौं राष्ट्रिय महाधिवेशनबाट हामीले दुई पदाधिकारीसहित एक तिहाईभन्दा बढी महिलाका साथै श्रमिक, आदिवासी-जनजाति, मधेसी, दलित, थारु, मुस्लिम, पिछडिएको क्षेत्र लगायतको समावेशी प्रतिनिधित्व गर्ने केन्द्रीय कमिटी निर्वाचित गरेका छौं। पार्टी संरचनाहरुलाई थप समावेशी बनाउँदै पार्टीलाई श्रमिक वर्ग, महिला, युवा, दलित लगायत समाजका आधारभूत वर्गमा अझ बढी आधारित बनाउँदै लैजाने सङ्कल्प गर्दछ।

१३. यो महाधिवेशन पार्टीका सबै तहका कमिटीहरुलाई आगामी निर्वाचनको तयारीमा लाग्न, आफ्ना कार्यक्षेत्रहरुमा पार्टीको विजय सुनिश्चित गर्न र यसका लागि आवश्यक सङ्गठनात्मक व्यवस्थापनलाई तत्काल तीव्रता दिन आह्वान गर्दछ।

१४. राष्ट्रिय राजनीति चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको यस समयमा हाम्रो पार्टीको काँधमा अत्यन्त ठूलो जिम्मेवारी छ भन्ने कुराप्रति नेकपा (एमाले) संवेदनशील र सजग छ। महाधिवेशन मुलुकको सबैभन्दा ठूलो, सर्वाधिक लोकप्रिय पार्टी र प्रमुख प्रतिपक्षको नाताले राष्ट्रिय हितको रक्षा र राष्ट्रियतालाई सुदृढ गर्न, संविधानको रक्षा र यसको सही कार्यान्वयन गर्न, संवैधानिक र लोकतान्त्रिक प्रक्रिया पथविचलित हुन नपाओस् भन्ने सुनिश्चित गर्न र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा साकार पार्न आगामी दिनमा अझ बढी प्रभावकारी भूमिका खेल्ने सङ्कल्प गर्दछ। जनताको जनादेशसहित छिटै राज्यको नेतृत्वदायी भूमिकामा स्थापित हुने र उक्त जनादेशलाई सामाजिक-आर्थिक रुपान्तरण र समृद्धिका लागि समर्पित गर्ने विश्वास व्यक्त गर्दछ। पार्टीलाई अग्रगामी रुपान्तरणको नेतृत्वदायी तथा निर्णायक शक्तिका रुपमा स्थापित गर्नका लागि वैचारिक रुपमा अझ सुस्पष्ट, सङ्गठनात्मक रुपमा थप व्यवस्थित र सुदृढ, भावनात्मक रुपमा अझ आत्मीय तथा अनुशासित पार्टीका रुपमा स्थापित गर्ने सङ्कल्प गर्दछ।

१५. दक्षिणपन्थी अवसरवाद कम्युनिष्ट आन्दोलनको मुख्य चुनौतीका रुपमा देखा परेको छ। जनताको अभिमतलाई लगेर प्रतिक्रियावादका पाउमा चढाउने, राजनीतिक स्थायित्वलाई भत्काउने, जनविरोधी शक्तिसँग साँठगाँठ गर्ने र व्यक्तिगत / गुटगत स्वार्थका लागि कम्युनिष्ट आन्दोलनको भविष्यमाथि नै प्रहार गर्ने यस अवसरवादलाई वैचारिक/राजनीतिक रुपमा परास्त गर्नु जरुरी छ। त्यसरी नै, पार्टीभित्रका सामान्य र स्वाभाविक मतान्तरहरुलाई कटुतापूर्ण स्वरुप दिने, पार्टीमा स्थायी गुट निर्माण गर्ने र व्यक्तिगत स्वार्थका लागि पार्टीका विधि, पद्धति र वृहत्तर हितलाई लत्याउने सङ्गठनात्मक अराजकता सुदृढ पार्टी निर्माणको मुख्य वाधक हो। यिनलाई पराजित गर्दै जबजको मार्गदर्शनमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नु अहिलेको हाम्रो मुख्य दायित्व हो। दसौं राष्ट्रिय महाधिवेशन विधान महाधिवेशनबाट पारित 'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई पराजित गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं' भन्ने मूल नाराको मर्मलाई आत्मसात गर्दै बलियो पार्टी निर्माण र समृद्ध राष्ट्र निर्माणको अभिभारालाई सँगसँगै अगाडि बढाउने सङ्कल्प गर्दछ।

१६. केही व्यक्तिहरुका निहित स्वार्थ र दुराशयका कारण राजनीतिक स्थायित्वलाई भत्काएर मुलुकलाई पुनः अस्थिरतातिर धकेल्ने प्रयाश भइरहेको छ। तसर्थ यो महाधिवेशन राजनीतिक स्थायित्व र बलियो राष्ट्रिय शक्ति निर्माणका लागि छरिएर रहनु भएका सबै सच्चा वामपन्थी, लोकतान्त्रिक तथा देशभक्त कार्यकर्ताहरुलाई सबै खाले भ्रम, अन्यौल र द्विविधाबाट मुक्त भएर नेकपा (एमाले) मा आबद्ध हुन आह्वान गर्दछ।

१७. महाधिवेशनको उद्घाटन समारोहमा अभूतपूर्व स‍ङ्ख्यामा सहभागी भएर हामीलाई उच्च मनोबल प्रदान गर्नु हुने सबै दाजुभाइ दिदीबहिनीहरुमा दसौं राष्ट्रिय महाधिवेशन हार्दिक आभार व्यक्त गर्दछ। कार्यक्रममा उपस्थित भएर हामीलाई शुभकामना दिनु हुने स्वदेशी तथा विदेशी अतिथिहरु, शुभकामना सन्देश पठाउनु हुने मित्र पार्टीहरु, चितवन जिल्ला कमिटी सहित चितवनका सबै कमरेडहरु, महाधिवेशनलाई व्यापक रुपमा प्रसार-प्रसार गरिदिनु हुने सञ्चारमाध्यमहरु, अहोरात्र खट्नु हुने स्वयंसेवक, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरु, कलाकार तथा संस्कृतिकर्मीहरु, विद्युतीय मतदान मेशिन उपलब्ध गराउनु हुने मित्रहरु, हामीलाई न्यानो आतिथ्य दिनु हुने सौराहा र चितवनका अन्य सहरका पर्यटन/होटल व्यवसायीहरु एवं पार्टीलाई विभिन्न ढङ्गले सहयोग गर्नु हुने सबै महानुभावहरुप्रति हार्दिक आभार र कृतज्ञता ज्ञापन गर्दछ।

# शाक्यद्वारा लिखित 'हस्तकलाको ऐतिहासिक पक्ष' विमोचन

काठमाडौं। कलाकार तथा लेखक धर्मराज शाक्यद्वारा लिखित पुस्तक 'हस्तकलाको ऐतिहासिक पक्ष' विमोचन भएको छ। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति केके कर्माचार्यले एक कार्यक्रमका बीच उक्त कृतिको लोकार्पण गर्दै समाजमा हस्तकलाको महत्व विशिष्ट रहेको बताए। उनले भने, 'हस्तकलाको ऐतिहासिक महत्वलाई लेखकले पुस्तकमार्फत ल्याउन सफल भएको देखिन्छ। कुलपति कर्माचार्यले पुस्तकले नेपालको हस्तकलाको इतिहासदेखि वर्तमानसम्म चलेका र बनेका विषयको समेत यथेष्ट जानकारी दिएको विचार व्यक्त गरे। उनले भने, 'नेपाली हस्तकलाको इतिहास निकै लामो र समृद्ध रहेको छ। पुस्तकमा हस्तकलाको विविध पक्षलाई केलाएर लेखकले यो क्षेत्रमा महत्वपूर्ण गुन लगाउनुभएको छ।' कुलपति कर्माचार्यले पछिल्लो समय प्रतिष्ठानले खोजमूलक ढंगले पुस्तक प्रकाशन गरिरहेको जानकारी दिए।

प्रतिष्ठानको हस्तकला विभागले प्रकाशन गरेको पुस्तकमाथि चर्चा गर्दै संस्कृतिविद् डा. गोविन्द टण्डनले नेपाली संस्कृति र कलाको संरक्षण तथा संवर्द्धनका लागि निरन्तर खोज अनुसन्धान हुनुपर्नेमा जोड दिए। उनले लेखक आफै कुशल शिल्पी, कला र संस्कृति विषयका अध्येता भएकाले निकै गहन ढंगले खोज-अनुसन्धान गरी पुस्तक तयार पारेको बताए। टण्डनले भने, 'नेपालमा हस्तकलाको विकासको लामो परम्परा रहेको छ। साथै देशको अर्थतन्त्रमा समेत ठूलो योगदान रहेको छ।' उनले हस्तकलाको विकासमा प्रतिष्ठान, नेपाल हस्तकला महासंघ तथा राज्यले गहन ढंगले काम गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा समालोचक तेजविलास अधिकारीले पुस्तकमाथि समीक्षा गर्दै हस्तकलाका विविध पाटालाई बुझ्न र अध्ययन गर्न सार्वजनिक कृति निकै उपयोगी रहेको बताए। उनले भने, 'लेखकले खोजमूलक ढंगले पुस्तक ल्याउनुभएको छ। यसले नेपालको हस्तकलाको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, प्रविधिगत तथा शिल्पगत विषयलाई उजागर गर्न सफल भएको छ।' समालोचक अधिकारीले हस्तकलाका बारेमा विमोचित कृतिले बहसलाई अगाडि बढाएको जिकिर गरे। उनले देशका तीन तहका सरकारले हस्तकलाको विकास, प्रवर्द्धन र सशक्तिकरणमा काम गर्नुपर्नेमा जोड दिए। उनले भने, 'नेपालको मौलिक पहिचानका रुपमा चिनिएका हस्तकलालाई राज्यका संयन्त्रले चिन्नुपर्दछ र यस क्षेत्रमा काम गर्ने कलाकार तथा शिल्पीको योगदानको कदरसमेत गर्नुपर्दछ।'



प्रतिष्ठानका सदस्य सचिव विपिनकुमार घिमिरेले प्रतिष्ठानले नेपालका विविध कला र शिल्प ज्ञानलाई खोज अनुसन्धान गर्दै प्रकाशन गरिरहेको सुनाए। उनले शाक्यले निकै मिहिनेतपूर्वक पुस्तक लेखेको जनाउँदै नेपालको मौलिक परम्परागत हस्तकलाका बारेमा समेत निकै उपयोगी रहेको बताए। नेपाल हस्तकला महासंघ अध्यक्ष सुरेन्द्रभाई शाक्यले हस्तकलाको महत्व र आवश्यकतालाई पुस्तकमा केलाइएको धारणा व्यक्त गरे।

प्रतिष्ठानका उपकुलपति गोपाल चित्रकारले विमोचित कृतिले नेपाली हस्तकलाको इतिहासदेखि वर्तमानसम्मको चित्रलाई केलाएको बताए। उनले भने, 'हस्तकलाका बारेमा यस कृतिले सम्पूर्ण जानकारी दिएको छ। प्रतिष्ठानले आगामी दिनमा यस्तै गहन र खोजमूलक कृति प्रकाशन गर्दै जाने विश्वास दिलाउँछु।'

नेपाल ललितकला पत्रकार समाजका अध्यक्ष केशव राज खनालले हस्तकलाको सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा प्रविधिगत विषयलाई गहनतापूर्वक लेखकले उधिन्न खोजेको बताए। उनले भने, 'प्रतिष्ठानले यस्तै खोजमूलक कृति प्रकाशन गर्नुपर्दछ। जसले नेपालको मौलिक तथा परम्परागत विषयलाई विश्वमा चिनाउन सकोस्।'

पुस्तकका लेखक तथा प्राज्ञ धर्मराज शाक्यले पुस्तक लेखनका क्रममा आफूले भोगेका विषयको उल्लेख गर्दै हस्तकलाको महत्व र नेपालको अर्थतन्त्रमा दिएको योगदानका विषयको चर्चा गरे। उनले भने, 'नेपालको हस्तकलाको विषय र क्षेत्र व्यापक रहेको छ। परम्परादेखि आधुनिक पक्षका बारेमा समेत पुस्तकमा चर्चा गरिएको छ।' उनले आगामी दिनमा थप अनुसन्धान गरी लेखनकार्यलाई अघि बढाउने बताए। लेखक शाक्यले नेपालको अर्थतन्त्रमा वार्षिक १२ अर्बभन्दा बढीको व्यापारका हस्तकलाले योगदान दिइरहेको जानकारी दिए।

## अर्थ संसार

### कनेक्ट आईपीएसको कारोबार शुल्क घट्यो

काठमाडौं। नेपाल क्लियरिङ्ग हाउस (एनसीएचएल) ले कनेक्ट आईपीएस प्रणालीको कारोबार शुल्क घटाएको छ। एनसीएचएलले गत मंसिर ७ गतेबाट लागू हुने गरी उक्त प्रणालीको कारोबार शुल्कमा परिवर्तन गरी घटाएको हो।

नेशनल पेमेन्ट स्वीच अन्तर्गत रिटेल पेमेन्ट स्वीचको कार्यान्वयनलाई थप सहज गर्न नेपाल क्लियरिङ्ग हाउसले सो शुल्कमा परिवर्तन गरेको हो। यससँगै अब बैंक तथा वित्तीय संस्था तथा भुक्तानी सेवा प्रदायकहरुका ग्राहकले न्यूनतम २ देखि अधिकतम ८ रुपैयाँसम्मको प्रति कारोबार शुल्कमा भुक्तानी गर्न सक्नेछन्।

नयाँ कारोबार शुल्क अनुरुप बैंक/वित्तिय संस्था तथा भुक्तानी सेवा प्रदायकहरुका ग्राहकले अब कारोबार रकम बमोजिम ने.रु.२ देखि ८ सम्मको




प्रति कारोबार शुल्कमा भुक्तानी गर्न सक्नेछन्। एनसीएचएलका अनुसार ५०० रुपैयाँसम्मको भुक्तानीमा प्रतिकारोबार शुल्क रु.२, ५०० रुपैयाँभन्दा माथि ५ हजार रुपैयाँसम्म प्रतिकारोबार शुल्क ४ रुपैयाँ र ५ हजार रुपैयाँभन्दा माथिको भुक्तानी रकममा कारोबार शुल्क ८ रुपैयाँ लाग्ने भएको छ।

यसले ग्राहकलाई एनसीएचएलका कनेक्टआईपीएस वेब/मोबाईल एप, बैंक/वित्तिय संस्थाका मोबाईल/इन्टरनेट बैंकिङ्ग वालेटमा फण्ड लोड/विड्र लगायतका विभिन्न भुक्तानी गर्न थप सहज हुने विश्वास गरिएको छ। कनेक्टआईपीएसबाट सरकारी राजस्व भुक्तानीमा भने पहिले नै प्रति कारोबार शुल्क २ देखि ५ रुपैयाँ कायम रहेको छ।

नेपाल राष्ट्र बैंकको मार्गनिर्देशन बमोजिम डिजिटल भुक्तानीको थप प्रवर्द्धनका निम्ती एनसीएचएलले समय-समयमा यथोचित रुपमा कारोबार शुल्क परिवर्तन गर्दै आएको छ। हालै नेपाल राष्ट्र बैंकबाट बैंक/वित्तीय संस्थाको मोबाईल बैंकिङ्गमा कारोबार शुल्क १० रुपैयाँदेखि अधिकतम ३० रुपैयाँसम्म तोकिएको थियो।

चालु आर्थिक वर्षको पहिलो चार महिनामा नै कनेक्टआईपिएसमा कारोबार संख्या तथा कारोबार रकमको आधारमा २२५ प्रतिशत वृद्धी भएको छ। त्यसैगरी, उक्त प्रणालीमा हाल दैनिक औसत कारोबार संख्या १ लाख १७ हजार १२ तथा रकमको आधारमा दैनिक औसत ८ अर्ब तीन करोड रुपैयाँ बराबरको रहेको छ। कारोबार शुल्कमा गरिएको यस परिवर्तनले वैकल्पिक च्यानलहरु मार्फत गरिने रियल टाइम भुक्तानीलाई थप टेवा पुग्ने एनसीएचएलले जनाएको छ।

### हिमालयन बैंकको नयाँ शाखा टिकापुर नगरपालिकामा

काठमाडौं। हिमालयन बैंकले कैलाली जिल्लास्थित टीकापुर नगरपालिकाको जमरापारीमा शाखा सञ्चालनमा ल्याएको छ। मंगलबारबाट संचालनमा आएको उक्त शाखाबाट सम्पुर्ण ग्राहकहरुलाई अत्याधुनिक बैंकिङ्ग सुविधाहरु उपलब्ध गराइने बैंकले जनाएको छ।

बैंकको यो शाखा कैलाली जिल्लाको चौथो तथा सूदुर पश्चिम प्रदेशको सातौं शाखा हो। टीकापुर शाखाले सम्पूर्ण आधुनिक बैंकिङ्ग सेवाहरु सहित

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

लकर सेवा समेत सञ्चालनमा ल्याएको शाखा प्रबन्धक देव अग्रवालले बताए।यस शाखाका साथै हाल बैंकको कुल शाखा संख्या ७३, विस्तारित काउन्टर संख्या ५ पुगेको छ भने एटिएमसंख्या १४६ र ५००० भन्दा बढी पिओएस टर्मिनलस संख्या पुगेको छ।

### कमलविनायकमा राष्ट्रिय वाणिज्य बैंकको नयाँ शाखा

काठमाडौं। राष्ट्रिय वाणिज्य बैंकले भक्तपुर जिल्लाको कमलविनायकस्थित शाखा कार्यालय कमलविनायक विस्तार गरी कारोबार शुभारम्भ गरेको छ। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मंगलबार विधिवत रुपमा उक्त शाखाको समुदघाट्न गरेका हुन्।

उक्त अवसरमा नगर प्रमुख सुनिल प्रजापतिले नगरपालिका लगायत सरकारी कार्यालयहरुको सरकारी कारोबार राष्ट्रिय वाणिज्य बैंक मार्फत गर्ने सोच रहेको बताए। उनले भक्तपुर जिल्ला धार्मिक, पर्यटकीय र कृषि क्षेत्रमा आधारित भएकाले सोही अनुसारको व्यवसाय विस्तार गर्नुपर्ने बताए।



बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले आम नागरिकलाई आधुनिक बैंकिङ्ग सेवा प्रवाह गर्दै जाने बताए। उनले बैंकले भक्तपुरमा उद्योग वाणिज्य संघ लगायत संघसंस्था तथा व्यवसायीहरुसंग सहकार्य गर्दै अगाडि पनि बढ्ने बताए। बैंकको हाल सातै प्रदेश, ७७ जिल्लामा २५६ वटा शाखा कार्यालय, २४१ वटा एटिएम र ९८ वटा शाखा रहित बैंकिङ्ग रहेको छ।

# Muslims Under Pressure

Muslims can preempt this by doubling down on assimilation and building robust bonds with other minorities

Republican presidential candidate Donald Trump on December 7, 2015: Remember the poll numbers. So, listen. Donald J Trump is calling for a total and complete shutdown of Muslims entering the United States until our country's representatives can figure out what the hell is going on. (Applause). We have no choice. According to Pew Research, among others, there is great hatred towards Americans by large segments of the Muslim population. Most recently, a poll from the Center for Security Policy released data showing 25 percent of those polled agreed that violence against Americans — these are people that are here, by the way, people here, 25 — not 1 percent. By the way, one percent is unacceptable, 25 percent of those polled agreed that violence against Americans here in the United States is justified as part — think of that, as part of the global Jihad. (Crowd booing). They want to change your religion. I don't think so. Not going to happen. As part of the global Jihad, and 51 percent of those polled agreed that Muslims in America should have the choice of being governed according to Sharia. You know what Sharia is. (Crowd booing). Fifty-one percent. Sharia authorizes and look, this is — I mean, it's terrible. Sharia authorizes such atrocities as murder against nonbelievers who won't convert. Beheadings and more unthinkable acts that pose great harm to Americans, especially women. I mean, you look, especially women.

Southern Poverty Law Center (SPLC) on March 26, 2016: Center For Security Policy — Founded in 1988 by former Reagan administration official Frank Gaffney, Jr, The Center for Security Policy (CSP) has gone from a respected hawkish think tank focused on foreign affairs to a conspiracy-oriented mouthpiece for the growing anti-Muslim movement in the United States. Extremist Group Info: SPLC Designated Hate Group.

BBC report titled "India Hindu group prays for Donald Trump win" dated May 12, 2016: Republican presidential candidate Donald Trump has gained some unlikely fans — including a right-wing Hindu group in India. Members of the Hindu Sena held a prayer in support of Mr Trump winning the US presidential election. The little-known group said they supported Mr Trump "because he is hope for humanity against Islamic terror". Mr Trump has proposed a ban on Muslims entering the US — drawing widespread criticism at home and abroad. He has also advocated killing the families of terrorists.

President Trump addresses the 'Namaste Trump' event in Gujarat's Ahmedabad on February 24, 2020, as the crowd chants "Modi Modi": Everybody loves him, but I will tell you this: He's very tough. (Laughs) (Applause)… Prime Minister Modi, you are not just the pride of Gujarat — you are living proof that with hard work and devotion, Indians can accomplish anything — (applause) — anything at all, anything they want. (Applause).

Deep background — Wikipedia (as archived on November 26, 2021) — Entry title — The Truth: Gujarat 2002: The Truth: Gujarat 2002 (also called Operation Kalank) was an investigative report on the 2002 Gujarat riots published by India's Tehelka news magazine in its 7 November 2007 issue. The video footage was screened by the news channel Aaj Tak. The report, based on a six-month-long investigation and involving video sting operations, stated that the violence was made possible by the support of the state police and the then Chief Minister of Gujarat Narendra Modi for the perpetrators.

The Guardian headline on February 25, 2020: Delhi rocked by deadly protests during Donald Trump's India visit. The New Indian Express dated February 27: Hindu Sena members march in Gurugram, raise 'goli maro' (shoot them) slogans (against Muslims, dissidents).

The Atlantic piece by Mira Kamdar titled "What Happened in Delhi Was a Pogrom" dated February 29, 2020: India's ruling party will allow nothing to stand in the way of its Hindu-nationalist agenda.

Let's turn a page.

The Guardian story titled "Anger at Netanyahu claim Palestinian grand mufti inspired Holocaust" dated October 21, 2015: In his speech, Netanyahu purported to describe a meeting between Haj Amin al-Husseini and Hitler in November 1941. "Hitler didn't want to exterminate the Jews at the time, he wanted to expel the Jews. And Haj Amin al-Husseini went to Hitler and said: 'If you expel them, they'll all come here [to Palestine]'." According to Netanyahu, Hitler then asked: "What should I do with them?" and the mufti replied: "Burn them."… The comments in a speech to the World Zionist Congress in Jerusalem… were condemned by historians and the Israeli opposition leader, Isaac Herzog, for trivialising the Holocaust.

Haaretz's piece by Robert Zaretsky titled "Eric Zemmour Isn't France's Donald Trump. He's Far Worse" dated October 21, 2021: Take, for example, "grand replacement". Coined by the extreme rightwing thinker Renaud Camus, the term distills the conspiracy theory that, with the connivance of a cosmopolitan and urban elite, the nation's original population is being replaced with non-white peoples. Obsessed by this notion, Zemmour points to the case of Seine-Saint-Denis. This Parisian borough, "long the historical heart of France, where the tombs of our kings are located", is becoming a "Muslim enclave subject to the rule of Allah".

Narrator: Zemmour, by the way, himself a Sephardic Jew, also believes that the Nazi puppet Vichy government in France was lenient towards the French Jewry as 'only' 10 percent of them were sent to their certain death. This revisionist history in Netanyahu's case, and his, seems meant to appease the western far-right that includes the swelling ranks of neo-Nazis and make Muslims a joint target. But it seldom works that way.

Commentary: Where did it all begin? 9/11? Huntington? Somewhere, somehow Muslims (even the most pacifist ones) became the bad guys. A threat at worst, an assimilation problem at best. 9/11 led to the invasion of Afghanistan and then Iraq. The Iraq invasion unhinged the region as we saw during the Arab Spring. This led to the emergence of ISIL. A civil war in Syria ensued displacing millions. Over 1.3 million sought refuge in Europe. As many of them reached Greece in 2015, right in the middle of its economic crisis, anti-immigrant sentiment reared its ugly head in Europe. This would lead to the far right's rise in Europe and Trump's triumph in the US. Only two western allies had firm far-right governments before this crisis: Modi in India and Netanyahu in Israel.

Trump was quick on the uptake and soon ended the war on ISIL with the claim of victory. The 2018 National Defense Strategy even stated, "Inter-state strategic competition, not terrorism, is now the primary concern in US national security." But after he departed from the White House the US-backed Afghan government collapsed and the Belarus-Poland border refugee crisis emerged. It is starting again. Muslims around the world will feel the heat. It all starts with the Muslims and ends with the rise in antisemitism and the attack on the US Capitol. Muslims can preempt this by doubling down on assimilation and building robust bonds with other minorities like the Jewish community and also the democratic institutions. Meanwhile, people in Muslim countries need to think of coreligionists elsewhere and be more flexible. Identity politics is overrated, survival is of paramount importance.

## GOVT'S INITIATIVES TO PROTECT CLIMATE

**Mr Sharma**

WITH so many frivolous news making the headlines these days, it's sometimes very hard to discern between the significant and trivial. We will often be fed with a mouthful of trivial news, matters that don't really concern our life and at times don't require much thinking.

We will always be drawn towards these "bright coloured candies", which are created just to create some buzz while slowly turning a blind eye towards the news that need to be reported. One such topic is climate change and it's often very intriguing how little our local news outlets discuss or analyze Pakistan's climate change policies when this aspect needs to be highlighted the most.

With climate change being an important global goal as well, it is imperative for our media houses to talk more openly about what the government is doing in this regard. It is also necessary to analyze the effectiveness of climate change policies made by the incumbent government.

In recent times, inconsistency in climate change has led to an adverse impact on several of our national reserves. Therefore, the government of PTI adopted aggressive initiatives to help combat climate change and protect the environment. One such




example is the 10 billion tree tsunami initiative – to establish 10 billion trees the nation over by 2023, to re-establish landscape while giving truly necessary employment.

Prevalently known as the 10 Billion Tree Tsunami, this undertaking involves both planting and normally recovering timberlands, and may perhaps fill in as a pilot for different nations to utilize nature rebuilding objectives to pay off public obligation owed to foreign investors.

The 10 Billion Tree Tsunami started in 2018 and heads out the momentum of the past Billion Tree Tsunami the woodland rebuilding effort dispatched in Khyber Pakhtunkhwa area in 2014 under the organization of the Pakistan Tehreek-e-Insaf party drove by the current state leader Imran Khan. As indicated by a World Wildlife Fund (WWF) review, this prior project was a triumph: 872.3 million seedlings were planted, with a normal endurance pace of just about 89%.

It completed early and developed the areas woodlands by 350,000 hectares, outperforming its obligation to the Bonn Challenge. Transparency for this initiative only has been made evident by utilizing third party organizations for monitoring performance like the WWF and the IUCN. This initiative has also been acknowledged by the UN at the global climate summit where Pakistan was named as the forestry champion.

Apart from large scale plantation drives, the government is taking extra effort for saving our protected areas. The government is setting up a national park academy that will provide green jobs as these protected help to segregate the carbon dioxide emissions.

The PTI government has helped increase the number of national parks from 30 to 45 and 12 percent of the country is under national parks with the government planning to take it to 15 percent. When it comes to decreasing carbon emissions, the current government has also sought out a long-term solution for that as well by implementing Pakistan's first ever electric vehicle policy.

This policy aims to mitigate carbon emissions by 43 percent. The government's initial phase for the policy involves for the conversion of 30 percent of the vehicles on road to become electric vehicles.

According to policy, 100,000 cars and 500,000 bikes and rickshaws will be converted to EVs in next 4 years, and more than 3,000 CNG stations that have been shut due to gas shortage will be converted to EV charging stations. Pakistan is also planning to set up special units of electric car manufacturing in the Special Economic Zones being established under the China-Pakistan Economic Corridor (CPEC).

The government has been also concerned over the ever-growing plastic use in the country and the government is taking actions against that as well. The government has set up three stages on controlling the plastic use, in the principal stage individuals were to be engaged in for social change and give awareness, the second stage entailed to setting up a penalty against excessive use of plastic and the third phase dealt with penalizing on the producers of plastics.

With the country utilizing from a rough ballpark sum of about 55 billion to 112 billion plastic bags each years, setting up policies like this had been extremely crucial. The introduction of the clean green index has also been a very pivotal step in helping to promote climate conservation among the masses by inculcating a spirit of competition among cities on cleanliness initiatives.

The initiative started off from 18 cities and now has spread to 80 cities throughout Pakistan which has helped the government tackle with many aspects such as waste management, sanitation and managing clean drinking water.

The government has started a plethora of initiatives that help tackle concerns over climate change but more similar policies should be introduced to further speed up the completion of the 13th SDG which is the Climate Action.



मुक्तककार



समिन गैरे
देवदह, खैरेनी
हाल धरान

मुक्तक १
घरी क्लेशको भरी बसाँउँछन्
घरी देखावटी माया दसाँउँछन्
यस्तै हुन्छन् कोही सासू ससुरा,
छोरी कुटेर बुहारी तर्साउँछन् ॥
मुक्तक २
आँखालाई जे मन पर्छ यहाँ त्यही बिक्छ
भुटको खेती जो गर्छ, ऊ नै नजिक छ
जीवन यात्रा हो, बाटा छन् आफ्ना आफ्ना,
सबैको गन्तव्य मृत्यु हो, जवाफ सटिक छ ॥
मुक्तक ३
ईश्वर, अल्लाह, जिससको हातमा फरक छैन
क्रिसमस इभ, ईद, दिवाली रातमा फरक छैन
धर्मको नाममा लडाउने खेलो अर्केको हो,
नत्र तिम्रो, मेरो धर्म र जातमा फरक छैन ॥
मुक्तक ४
माया मजाक बनायौ मायाकै रेलामा राखिदिएँ
अन्तिम सास फेर्दै गरेको वेलामा राखिदिएँ
जे हम्र गर्नु छ गर, मर्जी तिम्रै हुनेछ अब,
भएको यही दिल तिम्रो हत्केलामा राखिदिएँ ॥

मुक्तककार



भावना बिडारी
कागेश्वरी मनोहरा ३
काठमाण्डौं

मुक्तक १
धमिलिन्छ कहिले कहिले सम्लिन्छ
बरफ बनेर जम्छ त कहिले पग्लिन्छ
मान्छेको मन र पानी उस्तै लाग्छ मलाई,
नहर बन्छ कहिले शिखर बनेर अग्लिन्छ ॥
मुक्तक २
मन मुटुमा पवित्र मायाको बास हुनुपर्छ
देखावटी हैन आत्मीयता खास हुनुपर्छ
छुटाउनै सक्दैन कुनै शक्तिले त्यो सम्बन्धलाई
जहाँ दुख पर्दा आफ्नोपनको आभास हुनुपर्छ।
मुक्तक ३
जतन बनिदिन्छ किताबको गाता बनिदिन्छ
घाम पानी छेकिदिने त्यो छाता बनिदिन्छ
जब तिमी दुखेका मनहरुको मल्हम बनिदिन्छौ
ईश्वर हाँस्छ त्यहाँ नटुगिने नाता बनिदिन्छ॥
मुक्तक ४
चर्किएर फुट्नुभन्दा, काचै रहनुमा, माटोलाई न्याय हुन्छ
काँडा हुँ,सम्भि पन्छिदिनुहोस्, त्यो बाटोलाई न्याय हुन्छ
यात्रा गर्न खोज्दैगर्दा, किन खुट्टा तान्नुहुन्छ, ए,महोदय?
छाडिदिनुहोस्, जीवनमा संघर्षको पाटोलाई न्याय हुन्छ ॥

मुक्तककार



टिकाराम न्यौपाने प्रतीक
चितवन

मुक्तक १
अमुहूर्त छ चुच्चे नक्सा भाँचिएको समय छ
हिमाल पहाड तराई साटिएको समय छ
पक्कै दुख्छ होला नि ममताको छाती चिरिदा,
हरेक दिन छिमेकी सँग ह्यापिएको समय छ।
मुक्तक २
रातो,पिरो गाला बोकेर गाउँबाट सहर पस्नेहरू
प्यासी यौवन मेटाउन अनुहारमा क्रिम घस्नेहरू
विद्यालय भूलेर रत्नपार्कको मफेरी प्यारो लाग्छ रे,
दुःख लाग्छ देखेर, मटक मटक कम्मर कस्नेहरू।
मुक्तक ३
रामको राज्यमा रावणको दम्भ बोकेर नबस्नु
आँखामा छारो हालेर नेपाल भन्दै घोकेर नबस्नु
बनारसी रसबरीको स्वाद मिठो लाग्छ सँधै भने,
जाउ उतै बरु, देखावटी भाषण खोकेर नबस्नु ॥
मुक्तक ४
विवशताको क्षण आएछ भने पनि सहनु पर्ला
प्रलय आइ डुबाएछ भने पनि सहनु पर्ला
ईश्वरले बनाएको यो जीवन तिम्रो लागि हो प्रिय,
लाभ्रे किराले मुटु खाएछ भने पनि सहनु पर्ला ॥

मुक्तककार



ध्रुव विपश्वी
पोखरा २२
कास्की

मुक्तक १
नेता कमसेकम दुइचार पुस्तक लेखेका हुन्
ज्ञानचक्षु खुलेका स्वाभिमानी भेटेका हुन्
पद र तक्मा लिलामको वर्तमान पद्धति चिर्ने,
छाप्रोमा जन्मेका अगेनामा तालू सेकेका हुन् ॥
मुक्तक २
सर्वहाराका घर जग्गा लिलामी लगाइएको छ
सोभा निमुखा श्रमजीवीलाई खाडी पठाइएको छ
गाउँका जग्गा पूँजीपतिको पोल्टामा पारे पछी,
श्रमजीवी पक्षको संसदमा ताली बजाइएको छ ॥
मुक्तक ३
नेता होस वा सर्वहरा चूलोको ताउलो उस्तै होस्
पहिचान झल्कने लवेदा सूरुवाल बाउलो उस्तै होस्
देश शुशासन अनन्त सम्म होस् चलोस बिधीले,
फरक नहोस् जीवनशैली नेताको जाउलो उस्तै होस् ॥
मुक्तक ४
देश बनाउछु भन्ने लाई चूनेर पठाउन मन लाग्छ
पदासिन हुनुपूर्व खाएको सपथ रटाउन मन लाग्छ
बालुवाटार बाट फर्कने सदाचारी भेटिदैन भन्छौ !
शाहिदको बलिदानबाट प्राप्त उपलब्धि बचाउन मन लाग्छ ॥

मुक्तककार



विमला ढकाल समीक्षा
काठमाडौं

मुक्तक १
रगतको नातामा खोट देखेको दिन देखि नै
आमाको हृदयमा चोट देखेको दिन देखि नै
वृद्ध आश्रममा बा लाई छोराले छाडिदियो,
भरोसा टुट्यो धनको बोट देखेको दिन देखि नै ॥
मुक्तक २
जिन्दगीमा दुख सुख पालैपालो कट्दै थियो
समयको पर्खाइसँगै दुख पिडा घट्दै थियो
हिजो साना पतिला थे कमाउने भएपछि,
गरिबीको कालो वादल थोरै थोरै हट्दै थियो ॥
मुक्तक ३
आफ्नै आँसु आफ्नै चोली भिजाएको थिएँ
सँस्कार धान्नु पर्छ भनी सवै रिभाएको थिएँ
मुटु घोप्नको लागि काँडा भन्दा वचन तीखो,
पीडा लुकाएर उनको वचन बिसाएको थिएँ ॥
मुक्तक ४
समय फेरियो जमाना फेरियो बा को सोचाई फेरिएन
ढलानको घरमा उहीँ चुल्हो खोज्छन रोजाइ फेरिएन
घर खेत वेचेर पठाएको छोरा विदेशवाट नफर्किएसी,
बूढो भयो शरीर, पेट पाल्न उनको भोगाइ फेरिएन ॥

मुक्तककार



सुरेन्द्र चौधरी
लमहि, दाङ

मुक्तक १
अन्तिम भोज हो दिन बधाई आउनु होला
साथमा दाउरा उपहार ल्याई आउनु होला
जनैसुपारी मृत्युसंग भएकोछ इष्टमित्रहरू,
घाटसम्म जन्त जानलाई आउनु होला ॥
मुक्तक २
सुन्दा पनि अचम्म लाग्यो हत्तेरी पाउमा गिरेछ
आफ्नो औकातको धरातल हेरी पाउमा गिरेछ
छाती कुल्चेर काँध टेकेर शिरमा बसेको मान्छे,
डगमगाएर उचाइको सिँढी फेरी पाउमा गिरेछ ॥
मुक्तक ३
देखाउँदै पदीय दम्भ भ्रष्ट कौडी खेलिरहेका छन्
जमिनमा खुट्टा नै नटेकि, दौडी खेलिरहेका छन्
नेपाली जनताका मालिक रक्तपिपासु ब्वाँसाहरु,
अझै दास प्रथाको तलाउमा पौडी खेलिरहेका छन् ॥
मुक्तक ४
पर्दैन राख्न विदेशी ब्राण्ड लोकल मज्जाले चल्छ
गाउँको या शहरको अगल-बगल मज्जाले चल्छ
दुध बेचेर रक्सी पिउने आजको वर्तमान समाजमा,
राख्यौं भने सानोतिनो भट्टी पसल मज्जाले चल्छ ॥

मुक्तककार



बिजय घिमिरे बिफल
बनेपा २

मुक्तक १
मन भरी पिरै पिरको कहानी बोकेर
यो रमाउने उमेर को जवानी बोकेर
पसिना बेचेर खुसी किन्ने आस मा,
लागियो परदेश तिर राहदानी बोकेर ॥
मुक्तक २
नमानेर थोरै पनि सर्म कसरी गर्छौ?
अरे यार यस्तो कुकर्म कसरि गर्छौ?
आमा लाई घर बाट निकाले कै दिन
मन्दीर भित्र पसि धर्म कसरी गर्छौ ?
मुक्तक ३
नगरी केही दोहोरो वचन ,काटी दिन मन छ
छानेर बिद्रोही छानेर दुर्जन ,काटी दिन मन छ
महोदय अरु केही छैन मात्र अब मेरो इच्छा,
ताकेर भ्रष्टाचारीहरुको गर्धन काटी दिन मन छ ॥
मुक्तक ४
धुजा धुजा मेरो मन उन्न , सक्ने भए आउनुहोस्
थाहा छ हजुर सक्नु हुन्न , सक्ने भए आउनुहोस्
म मेरो कहानी जसोतसो हासेँरै सुनाइदिन सक्छु,
हजुर पनि आँसु नझारी सुन्न सक्ने भए आउनुहोस् ॥

मुक्तककार



प्रीति आत्रेय ज्ञवाली
बुटवल
हाल न्होम पेन्ह
कम्बोडिया

मुक्तक १
कोही पनि हुन्नन् हजुर यहाँ आँसु भिर्ने
सुख दिन्छु भन्दै दुःखजति आफैँ चिर्ने
आफैँले नै गर्नुपर्छ मनको सम्झाइ-बुझाइ,
पाइन्न किन्न हाँसो-खुशी नगद दिई तिर्ने ॥
मुक्तक २
मान्छेले मान्छे चिन्दैन सत्तामा ऊ पुगेपछि
जागिरमा मन भिज्दैन भत्तामा ऊ पुगेपछि
दुःख पो किन हो गर्ने पाइने बोलीले सबै,
काम ता केही छिन्दैन मत्तामा ऊ पुगेपछि ॥
मुक्तक ३
मनले एक थोक भन्छ भन्नुपर्ने अनेक छन्
काममा दुविधा हुन्छ गर्नुपर्ने अनेक छन्
आलस्य तन यो बन्दा बाधा ता काममा हुने,
समस्या यो हटाउन खट्नुपर्ने अनेक छन् ॥
मुक्तक ४
फलामको छुराकोजस्तै बोलीवचनको पनि धार हुन्छ
जसको वारले बाहिरी छालामा नभै मुटुमै प्रहार हुन्छ
बोल्ने मान्छेले आवेशमा आएर बोलेको पत्तो नपाउँदा,
सामुन्नेको सुन्ने व्यक्तिको मनमा पीडा भरमार हुन्छ ॥

मुक्तककार



महेन्द्र मान बलामी
दक्षिणकाली ९
फर्पिङ ,काठमाडौं

मुक्तक १
रमाइलो हुन्छ अरे लुछाचुँडी गर्न
रामराज्य गरिकन आफ्नै भुँडी भर्न
नेपाल देश हो लोकतन्त्र नफापेको,
कति खोट कति चोट सके कुँडी सर्न ॥
मुक्तक २
प्रकृतिको नापतौल चलिराछ हेर
कोभिडको राप अझै जलिराछ हेर
होसियार बन प्यारे जीवन जिउनलाई,
भिन्न गुण देखाएर छलिराछ हेर ॥
मुक्तक ३
डढेलोले वनै खायो मनै नेताजीले
भन्दाभन्दै तनै खायो भनै नेताजीले
गुनासोको पोको बोकी गएँ न्यायालय,
चुँडालेर भन्डै खायो जनै नेताजीले ॥
मुक्तक ४
नेताहरु भिड्न थाले गरी अधिवेशन
बल्लबल्ल भएको छ सरी अधिवेशन
दशैंभन्दा तिहारभन्दा पनि भव्य गरी,
पूरा होला केही द्रव्य छरी अधिवेशन ॥

मुक्तककार



जय किशन अधिकारी
देवदह ७
रुपन्देही

मुक्तक १
सुन्दर फुलले काढाको भर मान्नु पर्छ
बैशालु हुदाखेरि फक्रने रहर मान्नु पर्छ
आएको बैश र फुलेको फुल मात्र हेर,
फुलेको दाढी पनि त सुन्दर मान्नु पर्छ ॥
मुक्तक २
पास हुनेलाई भन्दा फेल हुनेलाई आनन्द
शिर छुनेलाई भन्दा पाउ छुनेलाई आनन्द
भन्नेले जेसुकै भनुन भन्ने कामै हो दुनियाको,
लुकाउनेलाई भन्दा देखाउने लाई आनन्द ॥
मुक्तक ३
बाल्याकालमा केटाकेटीको भाला राम्रो हुन्छ
युवा युवतीहरू बिच पोटिला गाला राम्रो हुन्छ
सफा मनले हेर्नु होस अनि भन्नु हुनेछ हजुरले,
बुढेसकालमा खुब चाउरिएको छाला राम्रो हुन्छ ॥
मुक्तक ४
नेताका द्वन्दमा जनतालाई आँच' हुने काम नगर न नेता हो
बिहानी प्रहरको कामपनि साँझ'हुने काम नगर न नेता हो
प्रतिपक्षमा हुदा एकथोक सत्तापक्षमा हुदाअर्कै थोक गर्छौ,
हमेलाई भन्दा देख्नेलाई लाज'हुने काम नगर न नेता हो ॥

मुक्तककार



सम्झना थापा मगर
पु.ब.न.पा ७
साधीँखोला स्याङ्जा

मुक्तक १
इमान्दारीले काम पाइन्छ
खट्न सके धेरै दाम पाइन्छ
यसरी संघर्ष गरिने हो भने,
भोलि हेर राम्रो नाम पाइन्छ ॥
मुक्तक २
कतिपय आमाबुवाहरु शोकमा छन्
केही पनि खान नपाएर भोकमा छन्
हेर आफ्नै छोराछोरीले हेला गरे पछि,
कोही वृद्धआश्रम कोही चोकमा छन् ॥
मुक्तक ३
सन्चो छौ कि बिसन्चो खबर आको छैन
अहिलेसम्म एउटा चिठी पनि पाको छैन
दिन रात तिम्रै यादले पोलेको छ प्रिय मुटु,
चिन्ताले गर्दा महिनौ दिन भो खाको छैन ॥
मुक्तक ४
अधिवेशन र गोष्ठी भन्दै भेला भएका छन्
चुनाव आयो भोट हाल्ने बेला भएका छन्
बालक,युवा, वृद्धसम्म के आश सबैलाई,
जनता आखिर पार्टीका चेला भएका छन् ॥

मुक्तककार



प्रजित कुँवर
वा न पा १४
बाँयखोला सिखे
स्याङजा

मुक्तक १
सँगै बाँच्छु सँगै मर्छु भन्ने मात्रै हो
खुशीले पोल्टा भर्छु भन्ने मात्रै हो
आफ्नै फाईदा हेर्छन् हर मान्छेले,
निस्वार्थ माया गर्छु भन्ने मात्रै हो ॥
मुक्तक २
टाढै भएका पनि नजिक आई हेर्छन्
बकुल्लाले जस्तो ध्यान लगाई हेर्छन्
जिवित हुँदा सम्म खबर नसोध्ने हरू,
मरेपछि कात्रो फर्काई फर्काई हेर्छन् ॥
मुक्तक ३
पढिएन पाउँदा खेरी अवसर खानु पर्ने हो
पश्चताप भईरह्यो जिवनभर खानु पर्ने हो
अवतरण नभएको विमान भै भो जिन्दगी,
पत्तो छैन कहाँ पुगेर ठक्कर खानु पर्ने हो ॥
मुक्तक ४
गाउँमा होस् की शहरमा आगो लगाईदिन्छन्
यो हल्लै हल्लाको भरमा आगो लगाईदिन्छन्
आफ्नै घर जलेको पत्तो नपाउने समाज हाम्रो,
रमिता हेर्ने अरुको घरमा आगो लगाईदीन्छन् ॥

## चितवनमा ...

ओलीले पार्टी सञ्चालनका लागि योग्य मान्छेलाई आफ्नो समूहमा छनौट गरेकाले पनि एमालेको नेतृत्व सक्षम भएको छ भन्न सकिन्छ। एमालेले आगामी दिनमा पार्टी संगठन विस्तारलाई प्रमुख एजेण्डा बनाएको छ। पार्टीभित्र आन्तरिक विवाद भएपछि ओलीले प्रधानमन्त्री गुमाउनुपरेको थियो भने एमालेको नेतृत्वमा रहेका ४ वटा प्रदेशको मुख्यमन्त्री पनि गुमेपछि पार्टीले यसलाई पनि समीक्षा गर्ने भएको छ। एमाले सधैं जनताको पार्टी भएकाले जनतामाझ पुगेर नै आफ्ना सबै कुरा गर्ने जनाएको छ। एमालेले यो सरकारलाई परमादेशको सरकार भन्दै आएको छ। गत असार २८ गते सर्वोच्च अदालतले शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउनका लागि परमादेश दिएपछि ओली सरकारबाट बाहिरिनुपरेको थियो। एमालेले पार्टीलाई सधैं संकटमा पार्ने माधवकुमार नेपाल र उनी पक्षधर बाहिरिएपछि एमालेलाई झन् सजिलो भएको छ। नेपालले ओली सरकारलाई दिनैपिच्छे असहयोगमात्र गरेका थिएनन् सरकारले गरेको राम्रो कामको विरुद्धमा गलत प्रचारबाजी गरेका थिए।

हिजोको दिनमा जनताले नेकपालाई त्यत्रो मतदान गरे पनि ओलीले पूरा कार्यकाल प्रधानमन्त्री बन्न नपाएकाले संकट झेल्नुपरेको छ। ओलीले आफ्नो कार्यकालमा के के गर्ने भन्ने योजना सार्वजनिक गरिसकेका थिए तर देशी विदेशी तत्वको समेत चलखेल भएकाले सरकार बीचैमा ढल्न पुगेको थियो। अब एमालेले आपसी विवादलाई मिलाएर अघि बढ्ने जनाइसकेको छ। ओलीले सरकारमा रहँदा गरेका कामको सर्वत्र प्रशंसा भएको छ। राष्ट्रियता र जनजीविकाको पक्षमा खरो ढंगले अघि बढेका ओलीलाई विदेशीले पनि पत्याएका छन्। सबै देशसँग आपसी सम्बन्ध स्थापित गर्न लागेका ओलीले आगामी दिनमा पनि जनताको विश्वास जित्न सक्ने अपेक्षा गरिएको छ।

## आफ्नै ...

सकेको छैन। सुरुमा यो पक्षबाट धैरैजना सभापतिका उम्मेदवार बन्ने र पहिलो चरणमा सभापतिमा ५० प्रतिशत मत कसैको पनि नपुगने भएपछि दोस्रो चरणमा जसले बढी मत ल्याउँछ उसैलाई साझा उम्मेदवार बनाउने पनि यो पक्षको भित्री तयारी रहेको स्रोतले जनाएको छ। देउवा मतदातालाई अनेक प्रभावमा पारेर भए पनि सभापति जित्ने दाउमा छन्। उनले आफ्नो समूहलाई कतै पनि हलचल हुन दिएका छैनन्।

कांग्रेसले मंसिर २४ देखि २६ गतेसम्म काठमाडौंमा १४ औं महाधिवेशन गर्ने जनाएको छ तर पनि अझै केही जिल्लामा अधिवेशन हुन सकिरहेको छैन। अहिलेसम्म भएको महाधिवेशनमा जिल्लागत विवरण हेर्दा सभापतिमा देउवा अगाडि देखिएका छन्। कोइराला र पौडेल पक्षका सभापति थोरैमात्र कमजोर बनेका छन्। वरिष्ठ नेता रामचन्द्र पौडेल र कोइराला पक्ष जसरी भए पनि देउवालाई सभापतिमा हराउने र आफूहरुको वर्चश्व जमाउने दाउमा अघि बढेका छन्। पटकपटक महाधिवेशनको मिति तोक्दै र सार्दै आएको कांग्रेस यो समयमा पनि महाधिवेशन सुरु नगर्ला कि भन्ने आशंकालाई तोड्दै प्रक्रियामा अघि बढेको छ। कांग्रेसलाई महाधिवेशनका लागि सबैभन्दा ठूलो समस्या क्रियाशील सदस्यता विवाद रहेको थियो। कांग्रेसले ६ हजार ७ सय ४३ मध्ये केही वडा (इकाई) को महाधिवेशन भदौ १८ गतेदेखि सुरु गरेको हो। कांग्रेसको नेतृत्व लिन इकाईदेखि केन्द्रसम्म नेताहरुले दौडधुप गरेका छन्। उम्मेदवारहरुले आफ्नो उम्मेदवारी केही ठाउँमा घोषणा गरिसकेका छन् भने केहीले तल्लो तहको अधिवेशन सकेपछि मात्र निर्णय लिने जनाएका छन्। सभापतिको उम्मेदवार हुन्छु भन्ने कांग्रेस उप-सभापति विमलेन्द्र निधिले झण्डै ३ महिनाअघि नै नयाँ वानेश्वरको एक पार्टी प्यालेसमा सम्पर्क कार्यालय खोलिसकेका छन्। उनी अहिलेसम्म सभापतिबाट 'ब्याक' नहुने भन्दै आएका छन्। यो महाधिवेशनमा कृष्णप्रसाद सिटौला आफूलाई स्वभाविक रुपमा सभापतिको दाबेदार भन्दै आए पनि मुख खोलेका छैनन्। उनले जुन समूहलाई सहयोग गर्छन् त्यही समूहले जित्ने सम्भावना बलियो भएकाले पनि उनको भूमिकालाई निकै महत्वका साथ हेरिएको छ। सिटौलासँग गत महाधिवेशनमा गगनकुमार थापा महामन्त्रीको उम्मेदवपार भएका थिए। महाधिवेशन नजिकिँदै गर्दा उम्मेदवारी घोषणा गर्नेको लहरै चलेको छ।

नेपाली कांग्रेसको कार्यसमितिको कार्यकाल ४ वर्षको रहेको छ। महाधिवेशन गर्न सम्भव नभए केन्द्रीय समितिको बैठकले १ वर्ष कार्यकाल थप्न सक्ने जनाएको छ। कांग्रेसको महाधिवेशन २०७२ फाल्गुणमा भएको थियो। संविधानले कुनै पनि पार्टीको महाधिवेशन साढे ५ वर्षभित्र हुनुपर्ने व्यवस्था गरेको छ। कांग्रेसको वैधानिकता भदौ २३ गते सकिएको छ।

## सोलु ...

गरेका छन्। कांग्रेस सभापतिमा निर्बाचित शेर्पा गत स्थानीय निर्बाचनमा जिल्लाकै एक मात्र नगरपालिका सोलुदुधकुण्डका मेयर समेत हुन्।उनले नेपाली कांग्रेस सोलुखुम्बुका पूर्व सभापति आङगेलु शेर्पाको समूहबाट सभापतिमा उम्मेदवारी दिएका थिए भने पराजित बस्नेत केसी समूहका हुन्।

## राप्रपा...

पक्षमा खुल्ने सम्भावना बढिरहेको राप्रपा सम्बद्ध स्रोतले जनाएको छ। राणा जबरा निकट रहेका पार्टी निकट कार्यकर्ताहरु लिङदेनका पक्षमा खुलेका कारण उनले अन्तिम समयमा थापाकाविरुद्ध कदम चाल्ने निश्चित जस्तै देखिएको छ। अहिलेको समिकरणमा राणा जतापट्टि खुल्छन् त्यही पक्षको पल्लाभारी हुने राप्रपा कार्यकर्ताहरुको भनाई छ।

लामो कालदेखि पार्टी नेतृत्वमा रहेका थापाविरुद्ध लिङ्देनले आफूलाई अब्बल सावित गर्नु आफैंमा चुनौतीको कुरा हो। तर पार्टीमा युवा नेतृत्वको आवाज उठ्नु र थापाको नेतृत्वप्रति असन्तुष्टका साथै उनको कार्यशैलीबाट वाक्क भएका रहेका नेता कार्यकर्ताका लागि भने लिङ्देन लोकप्रिय बन्ने निश्चित छ। लिङ्देनलाई डा धवलशमशेर राणा, टङ्क ढकाल, राजेन्द्र गुरुङ, गोविन्दबहादुर शाह, सगुन लावती, दीप शाही, हेमजङ्ग गुरुङलगायत नेताका साथ रहेको छ भने थापालाई नेताहरू दीपक बोहोरा, बुद्धिमान तामाङ, ध्रुव प्रधान, जयन्त चन्द, रोशन कार्की, उद्धव पौडेल, भुवन पाठकको साथ छ। राप्रपामा अहिले ३ सय ३० प्रदेशसभा निर्वाचन क्षेत्रबाट कम्तिमा नौ जना र सक्रियता सदस्य बढि भएको क्षेत्रमा थप दुई गरी देशभरबाट करिब ३ हजार प्रनिनिधि रहेका छन्। संघीयता खारेजी, हिन्दु राज्य र राजतन्त्र राप्रपाको मुख्य एजेण्डा हो।

## एक करोड...

कम्तीमा एक मात्रा खोप लगाएका मन्त्रालयले जनाएको छ।

आज लगातार दोस्रो दिन पनि दुई लाख जनाभन्दा धैरैले कोरोना भाइरसविरुद्धको खोप लगाइएको हो। हिजो मङ्गलवार पनि एकै दिन दुई लाख १२ हजार जनालाई कोरोनाविरुद्धको खोप लगाइएको थियो।

यसैबीच पछिल्लो २४ घण्टामा थप तीन सय १६ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ। १२ हजार सात सय २७ जनाको नमुना परीक्षण गर्दा दुई दशमलव ४८ प्रतिशत अर्थात् तीन सय १६ जनामा सङ्क्रमण पुष्टि भएको हो।यस्तै थप दुई सय ५९ जना निको भएसँगै कोरोना सङ्क्रमणबाट मुक्त हुनेको सङ्ख्या आठ लाख तीन हजार एक सय ६८ पुगेको छ। यही अवधिमा तीन जनासहित कोरोना सङ्क्रमणका कारण ज्यान गुमाउनेको सङ्ख्या ११ हजार पाँच सय २९ पुगेको छ। अहिले नेपालमा ६ हजार नौ सय ५४ जना सक्रिय सङ्क्रमित रहेका स्वास्थ्य मन्त्रालयले जनाएको छ।

## एक करोड...

व्यक्तिहरु नै कानुनको वर्खिलाप मा लागेका हुनाले उनीहरुले तत्काल जनतासामु माफी माग्नु पर्दछ।

पछिल्लो समयमा सत्ताधारी दल नेपाली काग्रेसको, संसदको प्रमुख प्रतिपक्षी दल नेकपा एमाले अर्को सत्ताधारी दल माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टी आ आफ्नो महाधिवेशनको तयारीमा लागेका छन्। काग्रेसको महाधिवेशन यहि मंसिर २४ गते देखि काठमाडौँमा हुदैछ भने नेकपा एमालेको महाधिवेशन मंसिर १० गते देखि चितवनमा सम्पन्न हुदैछ, त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशन पनि यहि मंसिर १५ गते देखि काठमाडौमा हुदैछ। माओवादी केन्द्रको अधिवेशन पनि आउदो पुषमा हुने भएको छ। सत्ताको नेतृत्वकर्ता नेपाली काग्रेस र ससदको प्रमुख विपक्षी दल नेकपा एमालेको महाधिवेशनलाई जनताले महत्वपूर्ण रुपमा हेरेका छन्। सत्ताधारी पाँच दलिय गठवन्धनले पछिल्लो समयमा नेकपा एमालेलाई एकल्याउने प्रयास गरीरहेका वेला नेकपा एमालेको महाधिवेशनले गर्ने निर्णय र नेतृत्वलाई सबैले महत्वपूर्ण रुपमा हेरेका छन्। अहिलेको अवस्थामा सबै राजनितिक दलहरु एक भएर समस्याको समाधान खोज्नु पर्ने वेलामा प्राय सबै दलहरु भीत्र गुट उपगुट खडा भएका छन्। गुट उपगुट वनाएर निर्वाचनमा महाअधिवेशनमा जाने भएकाले गर्दा प्राय सबै पार्टीका महाधिवेशन सम्पन्न भएपनि अहिलेको अवस्थामा नै पार्टीहरु रहने प्राय निश्चित जस्तै देखिएको छ। एउटै पार्टीभीत्र पनि एकमत हुन नसकिरहेको अवस्थामा पार्टीहरुका महाधिवेशनले एक मतले नेतृत्वको निर्वाचन गर्ने सम्भावना न्यून रहेको छ। नेपाली काग्रेसभीत्र रहेका गुट उपगुटहरुको नेतृत्व पार्टीका वरिष्ठ नेताहरुले गरेकै कारण त्यहाँ एकमत हुन सकेको छैन। त्यही कारणले नेपाली काग्रेसले कुनैपनि निर्णय एकमतले गर्न सकेको छैन भने प्रमाण त प्रधानन्यायाधिश चोलेन्द्र शमशेर राणा कै कारणले प्रष्ठ पारेको छ। प्रधानन्यायाधिश राणाका विरुद्ध सर्वोच्च अदालतका १९ जना न्यायाधिशहरुले विद्रोह गरेर प्रधानन्यायाधिश राणाले तोकेका इजलासमा वस्न अस्वीकार गरेका थिए, कानुन व्यवसायिहरुले झण्डै एक महिनादेखि सर्वोच्च अदालत परिषर मै धर्ना र विरोधका कार्यक्रमहरु गरी रहेका छन्। नेपाल वारले मुलुक भरकै अदालतहरुमा विरोधका कार्यक्रमहरु गरी रहदा पनि पाँच दलिय गठवन्धनको सरकार रमिते बन्दै शान्तिपूर्ण धर्ना र विरोधमा सरिक भएका कानुन व्यवसायिहरु माथी प्रहरी प्रशासनले धर्पकड गर्ने र लाठ्ठी प्रहार गर्ने गरेको छ। यस विषयमा राजनितिक दलहरु समेत चु सम्म वोल्न सकेका छैनन्। त्यसैले भन्न सकिन्छ दलका नेताहरु बने तर मुलुकका नेता वन्न कोही सकेनन् भनेर।

परमादेशवाट निर्माण भएको सरकारले नेकपा एमाललेलाई विभाजित गराउन राजनितिक दल सम्बन्धी अध्यादेश ल्याएर दल विभाजन गराईदियो। देउवा सरकार र पाँच दलिय गठवन्धनको लागि त्यो कहिल्यै नमेटिने कंलकको कालो टिका हो। वहुदलिय व्यवस्थामा राजनितिक दलहरु वलियो भएमात्र बहुदलिय व्यवस्था वलियो हुन सक्छ ,दलहरु विभाजन हुदै गएको खण्डमा राज्य सञ्चालनमा समेत प्रत्यक्ष असर पर्न सक्छ। राज्यका प्रमुख स्रोत भनेका जनता हुन जनताले सरकारवाट आवश्यक सेवा सुविधा पाउनु जनताको नौर्सगीक अधिकार हो तर जनताले अहिले पनि संविधानले दिएको अधिकार प्रयोग गर्न पाएका छैनन् भन्ने उदाहरण त हुम्ला जिल्लाका जनता हुन्। त्यहाँ भोकमारी लागेको छ ,जनता खान नपाएर मर्ने अवस्थाा पुगेका भएपनि संघीय सरकार र प्रदेश सरकारले जनतालाई चामल उपल्ब्ध गराउन सकेको छैन। जनताका स्थानीय प्रतिनिधिहरु चामल माग्न संघीय राजधानी आउनु पर्ने बाध्यता मा रहेकोले के संघीयता भनेको यहि हो त भन्ने प्रश्न समेत उब्जिएको छ। संघीय सरकारकै प्रधानमन्त्री र मन्त्रीहरु भने आ-आफ्नो र पार्टीगत स्वार्थका लागि गैरकानुनी कार्य गर्न समेत पछि परेका छैनन्। राजनितिक दलहरु धैरै भएपनि केहीमात्र जनताको नजरमा परेका छन्। राजनितिक दल खोज्ने प्रावधान सहज भएकोले गर्दा नेता वन्न पाईने भएकोले गर्दा राजनितिक दल खोल्नेहरुको संख्या दिन प्रतिदिन वढ्दै गएको छ। दलका नेता बन्ने पनि अहिले सम्म मुलुकको नेता वन्न कसैले सकेका छैनन्। त्यही कारणले गर्दा जनताले दुख कष्ट सहनु पर्ने वाध्यतामा जनता रहेका छन्।

पछिल्लो अवस्थामा मुलुकमा वेथितिका चाङ लागेका छन्। मुलुकका प्रमुख तिन अङ्ग व्यवस्थापिका कार्यपालिका र न्यायपालिका पनि वेथितीवाटअलग रहन सकेनन् न्यायालयभीत्रको वेथिती सडकमै छताछुल्ल भएको छ। त्यसैगरी व्यवस्थापिका ससदको वेथिती पनि सडकमै पोखिएको छ। कार्यपालिकाका प्रमुख लगायत मन्त्रीहरु गैरकानुनी कार्य गर्न उद्धत रहेका छन्। पाँच दलिय गठवन्धनको नेतृत्व कर्ता प्रधानमन्त्रीले सरकार सञ्चालनका हैसियत गुमाउदै गएका छन्। मन्त्रीहरु अनसनका छाडा साढे जस्तो भएको आरोप कर्मचारीहरुले लगाउदै आएका छन्। ऐन कानुन भन्दा वाहिर गएर मन्त्रीहरुले आफ्नो स्वार्थअनुसार नभएको खण्डमा मन्त्रालयका सचिवदेखि खरीदार सम्मलाई धम्काउन थालेका छन्। परमादेशवाट सरकारको निमार्ण भएकोले गर्दा ससद पनि पाँच दलिय गठवन्धन कै स्वार्थ पूर्ति गर्ने थलोमात्र वन्दै गएको छ। न्यायालयभीत्र देखिएको समस्या समाधाान गर्न न त पाँच दलिय गठवन्धनले सकृयता देखाएको छ न त सरकारले नै आखीरी किन ? सर्वोच्च अदालतको सम्बैधानिक इजलासको आदेश अनुसार सरकार निर्माण भएकोले गर्दा आफुलाई सत्तामा पुऱ्याईदिने सर्वोच्च अदालतका प्रधानन्यायाधिश माथी सरकार र संसद कुनै कारवाही गर्ने पक्षमा देखिएको छैन। राजनितिक दल र सरकार भने न्यायालय भीत्रको संकट न्यायालयवाटै समाधान हुनुपर्दछ, भन्दै पन्छिन खोजिरहेको छ। त्यही कारणले गर्दा सर्वोच्च अदालतका न्यायाधिशहरुले प्रधानन्यायाधिशले तोकेको इजलास नै लामो समयसम्म वहिष्कार गरे। कानुन व्यवसायिहरुको साझा संगठन नेपाल वारले आन्दोलन गरी रहेको छ। लामो समयसम्म धर्ना र आन्दोलन गर्दा समेत सरकार र राजनितिक दलहरुले न्यायालयभीत्रको समस्याको समाधान गर्ने प्रयास नगरेका हुनाले सर्वोच्चका १९ जना न्यायाधिशहरुले प्रधानन्यायाधिश वाहेकको फुर्लकोटको वैठक राखेर पेशी तोक्ने प्रधानन्यायाधिशको अधिकार कटौती गरी केही समयका लागि गोला प्रथावाट पेशी तोक्ने निर्णय गरेका छन् ।न्यायाधिशहरुले निर्णय गरेको निणर्यलाई प्रधानन्यायाधिश राणाले. समेत हस्ताक्षर गरी राजपत्रमा सूचना प्रकाशित भई सकेको हुनाले अब प्रधानन्यायाधिश राणाले पेशी तोक्न नपाउने भएका छन्। यसरी आफ्नो अधिकार कटौती हुदासम्म प्रधानन्यायाधिश राणा पाँच दलिय गठवन्धन कै वलमा राजीनामा नदिने पक्षमा रहेकोले नेपाल वारले ससदमा प्रतिनिधित्व गर्ने सबै राजनितिकि दलहरुलाई प्रधानन्यायाधिश राणामाथी महाअभियोग लगाउन आधारसहितको ज्ञापन पत्र समेत बुझाएको छ। प्रधानन्यायाधिश राणाले आफुसम्बैधानीक प्रकृयावाट प्रधानन्यायाधिश भएको र आफू सम्बैधानिक प्रकृयावाहेक अन्य प्रकृयावाट राजनामा नदिने भन्दै आफूमाथी महाअभियोग लगाएर देखाउन सरकार र दलहरुलाई चुनौती दिईरहेका छन्। प्रधानन्यायाधिशको चुनौतीलाई सरकार र दलहरुले वेवास्ता गरेकै कारण नेपालवारले अझै कडा सघर्षका कार्यक्रमहरु ल्याउने उद्घोष गर्दै प्रधानन्यायाधिश राणाको राजीनामा नै बारको बटमलाई भनिरहेको छ।

नेपालको इतिहास मै सायद प्रधानन्यायाधिश माथी यति गम्भीर आरोप लागेको यो नै पहिलो पटक होला, नेपालबार र वरीष्ठ कानुन व्यवसायिहरुले प्रधानन्यायाधिश माथी, भ्रष्टचार र विचौलीयाको नाइके भएको आरोप लगाउँदा समेत प्रधानमन्त्रीको अध्यक्षतामा रहने सम्बैधानीक परिषद र सरकार अनि व्यवस्थापिका ससद मौन रहनु आर्श्चयको विषय बनेको छ। प्रधानन्यायाधिश माथी लागेका गम्भिर आरोप छानविन गरी दोषी देखिए कारवाही गर्न दोषी नदेखिए आरोप लगाउने संस्था र कानुन व्यवसायिहरु माथी कारवाही गर्न सम्बैधानीक परिषदले उच्चस्तरीय न्यायिक आयोग वनाउन सक्छ तर त्यसो गर्न पाँच दलिय गठबन्धन र सरकार तयार नदेखिनु भनेको काँही न काँही प्रधानन्यायाधिश राणासँग पाँच दलिय गठवन्धन र सरकार चुकेको प्रष्ठ भएको छ। केही समय पहिला प्रधानन्यायाधिश राणाले यदि पाँच दलिय गठवन्धन र सरकारले आफूलाई नवचाएको खण्डमा सर्वोच्च अदालतको सम्बैधानीक इजलासवाटै परमादेश जारी हुनुपूर्व आफुसग पाँच दलका नेताहरुसँग भएको गोप्य कुराकानीको पोल खोलिदिन उद्घोष गरेका हुनाले परमादेश पनि सेटिङमै भएको र सेटिङको वन्दोवस्त प्रधानन्यायाधिश राणाले नै दलहरुसग मिलेर वनाएको प्रष्ठ भएको छ। त्यही कारण सम्बैधानीक परिषद, ससद र सरकार अनि पाँच दलिय गठवनधन राणाका सामु नतमस्तक भएको प्रमाणित भएको छ।


खोप लगाऔं, सुरक्षित रहौं

**खोप लगाएपछि पनि,**

- मास्कको नियमित प्रयोग गरौ,
- अत्यावश्यक परेमात्र बाहिर निस्कौ,
- भीडभाडबाट बचौं,
- कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौ,
- साबुनपानीले हात धोऔ,
- साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौ,
- शंका लागे तुरून्त स्वास्थ्य परीक्षण गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

SINCE 1890
San Miguel® BEER